# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष ११ | अंक १०९ | काठमाडौं | शुक्रबार, २५ साउन २०८१ | Prabhab National Daily | Friday, August 09, 2024 | www.prabhonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## टीआरसी विधेयकमा सर्वसम्मति



- कानुन, न्याय तथा संसदीय मामिला समितिबाट विधेयक पारित
- यही २९ साउनमा संसदमा प्रस्तुत गर्ने सम्भावना

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बहुप्रतिक्षित संक्रमणकालीन न्यायसम्बन्धी (टीआरसी)विधेयक अन्ततः संसदको कानुन, न्याय तथा मानव अधिकार समितिबाट पारित भएको छ । तीन दलीय कार्यदलले यसअघि सहमति जुटाएपछि बिहीबार समितिले सर्वसम्मतले पारित भएको हो । टीआरसी विधेयक भनेर बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्न बनेको विधेयकलाई चिनिन्छ ।

समिति सभापति विमला सुेदीले विधेयक सर्वसम्मत पारित भएको घोषणा गरिन् । उनले प्रतिनिधि सभाको अब बस्ने बैठकमा प्रतिवेदन पेश गर्ने वातावरण बनाउन सभामुख देवराज घिमिरेलाई पत्र लेखेर आग्रह गरिने जानकारी दिइन् । संसदको बैठक भने २९ साउनका लागि आह्वान भएको छ ।

विधेयक पारित भएपछि संसदको कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले संक्रमणकालिन न्यायसँग सम्बन्धित विधेयकमा सहमति जुट्नुले दिगो शान्तिको लागि बाटो दिएको बताए । उनले संक्रमणकालीन न्यायसँग सम्बन्धित विधेयकमा दलहरूका बीचमा सहमति जुटेसँगै देशलाई दिगो शान्तिको बाटो दिएको बताएका हुन् ।

उनले दलहरूका बीचमा भएको सहमति अनुरूप आएको विधेयक पीडितमैत्री भएको बताए । उनले विधेयकले पीडितलाई न्याय दिने दाबी गरे । त्यस्तै, मानव अधिकारको उल्लंघन र मानव अधिकारको गम्भीर उल्लंघन, पीडितलाई परिपूरण दिने लगायतका सबै विषय पीडितमैत्री भएर आएको उनको भनाइ छ ।

'संक्रमणकालीन न्यायको कुरा गर्दा सर्वोच्च अदालतले उठाएका विषयहरूलाई यस कार्यदलले सम्बोधन गरेको छ', उनले भने, 'मानव अधिकारको उल्लङ्घन र गम्भीर उल्लङ्घनको सवालमा, पीडितलाई न्याय दिनको लागि गल्ती गर्नेलाई सजाय दिनेकुरा, स्वतन्त्र सहमतिपछि पीडितलाई परिपुरण गर्ने कुरा लगायतका विविध सवालमा यो कार्यदलले मेहनत गरेर कानुनलाई अन्तिम रूप दिने प्रयास गरेको छ ।' सत्य निरूपण तथा मेलमिलाप आयोगका पूर्वअध्यक्ष गणेशदत्त भट्टले भने संसदको कानुन समितिबाट पारित टीआरसी विधेयक पीडितमैत्री भएको दाबी गरेका छन् ।

(क्रमशः पृष्ठ २ मा)

बारम्बार हवाई दुर्घटना

## स्वतन्त्र छानबिन समिति गठन गर्न निर्देशन

■ **जेबी योञ्जन**

काठमाडौं- नेपाली आकाशमा बारम्बार हवाई दुर्घटना भएपछि सङ्घीय संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिले विज्ञ व्यक्तिहरू सम्मिलित स्वतन्त्र छानबिन समिति गठन गर्न निर्देशन दिएको छ । गठन हुने स्वतन्त्र समितिलाई हवाई सुरक्षाको अवस्था, मापदण्ड र सुधारका सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेस कार्यादेश पनि दिएको छ । प्रतिवेदन पेस गर्ने अवधि भने १५ दिनको छ ।

सरकारले हरेकपटक हवाई दुर्घटना भएलगत्तै छानबिन समिति गठन गर्दै आएको छ । तर, समितिले अध्ययनपछि बुझाउने प्रतिवेदनको एकातिर कार्यान्वयन छैन भने अर्कातिर छानबिनकै प्रभावकारितामा प्रश्न उठ्ने गरेको छ । यसकारण पनि संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिले विज्ञहरू सम्मिलित स्वतन्त्र छानबिन समिति गठनका लागि बिहीबार निर्देशन दिएको हो ।

सिंहदरबारमा बसेको समिति बैठकमा पछिल्लो समय भएका हवाई दुर्घटनाहरूको समीक्षा र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेसहित सम्बद्ध अधिकारीहरूसँगको छलफलपछि यसअघि समितिले निर्देशन गरिसकेका तर सरकारले कार्यान्वयन नगरेका विषयहरू समेत पुनःस्मरण गराएको छ । समिति सभापति राजकिशोर यादवले हवाई सुरक्षाको अवस्थामा सुधार नआएका कारण त्यसबारे सत्यतथ्य छानबिन गरी अघि बढ्न मार्गदर्शन हुनेगरी गठन हुने छानबिन समितिले प्रतिवेदन बुझाउने अपेक्षा गरे ।

उनले भने, 'नेपालको हवाई सुरक्षा, सुरक्षा मापदण्डको अवस्था तथा नेपालको विद्यमान नागरिक उड्डयनसम्बन्धी कानुन एवं अन्तर्राष्ट्रिय अभ्यास अनुरूप कार्यान्वयन भए/नभएको सम्बन्धमा १५ दिन भित्र छानबिन गरी आवश्यक नीतिगत सुधार गर्न र कोही दोषी देखिएमा कारबाहीको सिफारिश गर्न विज्ञहरूको संलग्नतामा एक स्वतन्त्र छानबिन समिति गठन गर्न निर्देशन दिइएको छ ।'



यादवका अनुसार समितिले नेपालको हवाई उडान सुरक्षासम्बन्धी छुट्टै नीति आवश्यक छ । त्यसका लागि नीति तत्काल तर्जुमा गर्न सरकारलाई निर्देशन दिएको छ । नेपालमा हवाई नीति, २०६३ नभएको भने होइन । तर, नेपालको हवाई उडान सुरक्षासम्बन्धी छुट्टै नीति आवश्यक देखिएको भन्दै समितिले यसअघि नै उक्त नीति तर्जुमा गर्न निर्देशन दिएको थियो ।

बिहीबार मन्त्री पाण्डेको उपस्थिति रहेकोमा समितिले पुनःस्मरण गराएको हो । सभापति यादवले समितिले पटक-पटक मन्त्रालयलाई निर्देशन दिने गरेको तर सरकारले कार्यान्वयन नगरेको भन्दै त्यस्ता निर्देशनहरू कार्यान्वयन गर्न पुनः स्मरण गराइएको बताए । 'नागरिक उड्डयन प्राधिकरणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक र नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक यथाशीघ्र सङ्घीय संसद्मा पेश गर्न र गराउन सरकारलाई निर्देशन दिने निर्णय भएको छ', यादवले भने ।

- विज्ञ व्यक्तिहरू सम्मिलित स्वतन्त्र छानबिन समिति गठन गर्न निर्देशन
- १५ दिनभित्र प्रतिवेदन बुझाउन आग्रह

सरकारलाई यसअघि हवाई दुर्घटना, सुरक्षा र नियमनसँग सम्बन्धित मन्त्रालयद्वारा गठित छानविन समिति एवं कार्यदलमार्फत पेस भएका अध्ययन अनुसन्धानमूलक प्रतिवेदनह' के कुन अवस्थामा रहेका छन् भन्नेबारे जानकारी सहितको विवरण समितिलाई यथाशीघ्र उपलब्ध गराउन समेत निर्देशन दिएको छ । बुधबार नुवाकोटको शिवपुरी गाउँपालिकास्थित सुइरे चौरमा भएको हेलिकोप्टर दुर्घटनास्थलमा मन्त्री पाण्डे गएका थिए । दुर्घटनास्थलको अवलोकनपछि बसेको समिति बैठकमा पाण्डेले विमान दुर्घटनाबारे सरकार गम्भीर रहेको बताएका छन् । उनले हेलिकोप्टर दुर्घटनापछि गम्भीर रूपमा मन्त्रालय अध्ययनमा लागेको र चाँडै कारबाही लगायतका निर्णय लिइने बताएका छन् ।

'म के चाहन्न भने मन्त्रीको पहलकदमीमा कुनै निर्णय होस् र अर्को कुनै बाटोबाट पुनर्स्थापित होस् र मन्त्री त्यहीँ बसिरहोस्, मेरो निर्णयमा चुनौती जुनसुकै निकायबाट आओस्', उनले बैठकमा भने, 'त्यो निकायबाट चुनौती आइसकेपछि अथवा बदर भइसकेपछि त्यो मन्त्रीले त्यही बसिरहने नैतिक अधिकार हुन्न ।'

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

## श्रमिकको मानव अधिकार रक्षा गर्नुपर्नेमा श्रममन्त्रीको जोड

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले गन्तव्य मुलुकहरूले आप्रवासी कामदारका हकहितका लागि अन्तरराष्ट्रिय अनुबन्ध र प्रोटोकल तथा द्विपक्षीय सम्झौताको पालना गर्नुपर्ने बताएका छन् । राजधानीमा आयोजित व्यवसाय र मानव अधिकारको दृष्टिकोण : श्रम आप्रवासन व्यवस्थापनसम्बन्धी नीतिगत विषयक छलफलमा मन्त्री भण्डारीले गन्तव्य मुलुकमा आप्रवासी नेपाली कामदारलाई समान व्यवहार र सम्मान गरिनुपर्ने बताएका हुन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, विकास साझेदार संस्था, सयुंक्त राष्ट्रसंघीय निकाय र विभिन्न कूटनीतिक नियोगले आयोजना गरेको कार्यक्रममा मन्त्री भण्डारीले आप्रवासी श्रमिकको मानव अधिकारको सम्मान गर्न गन्तव्य मुलुकलाई सयुंक्त राष्ट्रसंघीय निकाय र अन्य सरोकारवालाहरूले दबाब दिनुपर्ने बताए । 'आप्रवासी श्रमिकहरूले अझै पनि विभिन्न समस्याहरू झेलिरहेका छन्,' उनले भने, उनीहरूको हितका लागि सरोकारवाला एवं साझेदार संस्थाले आवाज उठाउन जरुरी छ ।' वैदेशिक रोजगारी नेपालीहरूको बाध्यात्मक परिस्थितिको उपज भएकाले यसको न्युनीकरण गर्नका लागि स्वदेशमा नै रोजगारी सिर्जना हुने बतावरण निर्माण गर्नुपर्नेमा मन्त्री भण्डारीले जोड दिए । तर पनि विश्वव्यापी रूपमा रोजगारीको अवसरलाई प्रयोग गरी लाभ लिन सकिनेतर्फ ध्यान दिनुपर्ने आवश्यकता भएकाले अन्तर्राष्ट्रिय श्रम कानुन अनुसार नेपालीहरूले पाउने सुविधाको लागि पहल गर्नुपर्ने उनको भनाई छ ।

सोही कार्यक्रममा दिगो विकास समितिका सभापति कमला पन्तले आप्रवासनका क्षेत्रमा छरिएर भन्दा



सहकार्यमा काम गर्दा नतिजा प्राप्त हुने भन्दै यस क्षेत्रमा काम गर्नेले कामको ढाँचा परिवर्तन गर्न सुझाव दिइन् ।

(क्रमशः पृष्ठ २ मा)

## नेपालमा ओमानको दूतावास स्थापना गर्न आग्रह

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले नेपालमा राजदूतावास स्थापना गर्न ओमान सरकारलाई आग्रह गरेको छ । ओमन भ्रमणमा रहेकी परराष्ट्र सचिव सेवा लम्सालले ओमन सरकारका मन्त्री तथा उच्च अधिकारीहरूसँगको भेटमा नेपालमा राजदूतावास खोल्न आग्रह गरेकी हुन् ।

मस्कटस्थित नेपाली दूतावासले बिहीबार एक विज्ञप्ति जारी गर्दै परराष्ट्र सचिव लम्साल र ओमान सरकारका सम्पदा तथा पर्यटन मन्त्री सलिम बिन मोहम्मद बिन सैद अल महरोक्कीबीच पर्यटन, श्रम रोजगार,



संस्कृति, शिक्षा, व्यापार, लगानी, प्रत्यक्ष हवाई सम्पर्कलगायतका क्षेत्रमा पारस्परिक सहयोगका विषयमा पनि छलफल भएको उल्लेख गरेको छ ।

उनले २१ हजारभन्दा बढी नेपालीलाई रोजगारी उपलब्ध गराएकोमा ओमान सरकारलाई धन्यवाद दिँदै दुई देशबीचको उत्कृष्ट द्विपक्षीय सम्बन्धका बारे व्याख्या गरेको बताइएको छ । यसैक्रममा आपसी हित र श्रमिकहरूको सहजीकरणका लागि नेपालमा दूतावास स्थापना गर्न उनले आग्रह गरेकी हुन् । ओमान भिजन २०४० को रणनीति र परियोजनालाई कसरी अवलोकन गरिरहेको भन्दै सचिव लम्सालले नेपालमा पर्यटन, जलविद्युतलगायतका क्षेत्रमा लगानी गर्ने अवसर खोज्न पनि आग्रह गरेको दूतावासले जनाएको छ ।

(क्रमशः पृष्ठ २ मा)




# 'विद्यालय शिक्षा विधेयक' अपांगतामैत्री हुनुपर्ने माग

**काठमाडौं (प्रस)–** सांसदहरूले 'विद्यालय शिक्षा विधेयक, २०८०' अपांगतामैत्री हुनुपर्ने माग गरेका छन् । प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बिहीबारको बैठकमा विधेयकमाथि संशोधन प्रस्तुत गर्दै सांसद सोविता गौतमले अपांगता भएकाहरूका लागि राज्यले छुट्टै लगानी गर्नुपर्ने बताइन् ।

'त्यसका लागि अपांगतामैत्री पाठ्यक्रम, भौतिक संरचना र विद्यालयको वातावरण अपांगतामैत्री हुनुपर्ने कुरा विधेयकमा राख्नुपर्ने हुन्छ,' उनले भनिन् । उनले विशेषगरी सामुदायिक विद्यालयको गुणस्तर, स्तरोन्नति गर्नेगरी विधेयक ल्याउनुपर्ने बताउँदै देशैभरि रहेका विद्यालयको संरचना समान हुनुर्नेमा जोड दिइन् ।

सांसद प्रभु शाहले विद्यालयसम्बन्धी अधिकार स्थानीय तहलाई दिने संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्ने गरी विद्यालय शिक्षासम्वन्धी विधेयकलाई अगाडि बढाउनुपर्ने बताए । सांसद प्रेम सुवालले शिक्षा क्षेत्रलाई उत्पादनसँग जोड्नुपर्ने धारणा राखे । सांसद रेखा शाहले नैतिक शिक्षामा जोड दिनुपर्ने बताइन् । संशोधनकर्ता रामकुमार राईले सरकारी र निजी विद्यालयको पाठ्यक्रम समान बनाउनुपर्ने आवश्यकता औंल्याए । सांसद किसान श्रेष्ठले मधेस र दुर्गम क्षेत्रका विद्यालयमा शौचालयसमेत नभएका कारण किशोरीहरूलाई समस्या भएको भन्दै विद्यालयको भौतिक पूर्वाधारको विकासमा ध्यान दिनुपर्ने बताए ।

त्यसैगरी संशोधनकर्ता सांसदहरूले विद्यालयको भौतिक संरचना र पाठ्यक्रम अपांगतामैत्री हुनुपर्ने विषयलाई ऐनमै समावेश गर्नुपर्नेसमेत माग गरे । उनीहरूले विद्यालयले विभिन्न शीर्षकमा विद्यार्थीसँग अतिरिक्त शुल्क उठाइरहेको भन्दै विद्यालयको पोसाक, पुस्तक र कापी अभिभावक आफैंले खरिद गर्न पाउनुपर्ने व्यवस्थालाई विधेयकमै उल्लेख गर्नुपर्नेमा पनि जोड दिए ।

विद्यालय शिक्षाको राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण तथा तथा विद्यालय शिक्षाका मूलभूत विषयमा समता, एकरूपता र गुणस्तर कायम गरी विद्यालयको स्थापना र सञ्चालनसम्वन्धी विषयलाई व्यवस्थित गर्न विद्यालय शिक्षासँग सम्वन्धित प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्ने उद्देश्यले सो विधेयक ल्याइएको हो ।

विद्यालयको स्थापना र सञ्चालन, पाठ्यक्रम तथा पाठ्यसामग्री र शैक्षिक गुणस्तर, परीक्षा सञ्चालन तथा व्यवस्थापन, सार्वजनिक विद्यालयका शिक्षक र कर्मचारी नियुक्ति, पदीय आचरण, सरुवा, कारवाही तथा अवकाशका विषयमा एकरूपता ल्याउनका लागि पनि विद्यालय शिक्षासम्वन्धी विधेयक ल्याउनुपर्ने आवश्यकता औंल्याइएको छ ।

विधेयकमाथि संशोधन राख्ने सांसदहरूले विद्यालयस्तरमा मातृभाषा अध्ययनका लागि छुट्टै शिक्षकको व्यवस्था गर्नेगरी विधेयक संशोधन गर्नुपर्ने, विद्यालयमा अध्यापन गराउने शिक्षक राजनीतिमा संलग्न हुन नपाउने, विद्यालयमा प्राध्यापक, उपप्राध्यापक नियुक्ति, सञ्चालक समिति वा अन्य कुनै पनि नियुक्तिमा राजनीतिकरण गर्न नहुने संशोधन राखेका छन् ।

# ६ किलो कोकिनसहित विदेशी नागरिक पक्राउ

**काठमाडौं (प्रस)–** प्रहरीले छ किलो २४ ग्राम अवैध लागुऔषध कोकिनसहित एकजना विदेशी नागरिकलाई पक्राउ गरेको छ। कतार एयरवेजको उडानमार्फत नेपाल आएका लाटभियाका नागरिक इभ्रस भलटेर्सलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको आगमन कक्षबाट लागुऔषध नियन्त्रण ब्युरोबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

सुटकेसभित्र लुकाइ-छिपाइ राखेको उक्त परिणामको कोकिनसहित लाटभियाका नागरिकलाई पक्राउ गरिएको प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए । बुधबार पक्राउ परेका निजमाथि लागुऔषध मुद्दामा जिल्ला अदालत काठमाडौंबाट म्याद थप अनुमति लिई यस सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको उनले बताए ।

### लागुऔषधसहित चारजना पक्राउ

यसैबीच, प्रहरीले काठमाडौंको गोंगबुस्थित नयाँ बसपार्कबाट अवैध लागुऔषध खैरो हिरोइन १५ ग्राम ५०० मिलिग्राम, नगद ४० हजार रूपैयाँ र तीन थान मोबाइलसहित दुई जनालाई पक्राउ गरेको छ । सप्तरी राजविराज नगरपालिका-९ घर भएका २४ वर्षीय पवनकुमार मेहता र उदयपुर त्रियुगा नगरपालिका-७ घर भएका २७ वर्षीय अनिल परियार पक्राउ परेका प्रहरीले जनाएको छ ।

काठमाडौंको नरेफाँटबाट अवैध लागुऔषध खैरो हेरोइन ६४० मिलिग्राम र मोबाइल दुई थानसहित दुईजना पक्राउ परेका छन् । सोही ठाउँ डेरा गरी बस्ने सिराहा गोलबजार नगरपालिका-६ घर भएका ३३ वर्षीय धर्मेन्द्र सिंह र सिराहा मिर्चैया नगरपालिका-५ घर भएका ३३ वर्षीय अनिल साहलाई निजहरूको डेराबाट लागुऔषधसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

# 'निरोगी नेपाल'को अभियान संचालन गर्न प्रधानमन्त्रीको निर्देशन

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री केपी शर्मा ओलीले निरोगी नेपालको अवधारणाबाट स्वास्थ्य क्षेत्रका नीति र कार्यक्रम कार्यान्वयन गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई निर्देशन दिएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा बिहीबार भएको स्वास्थ्य क्षेत्रमा देखिएका समस्या, समाधानका उपाय र आगामी एक सय दिनभित्र गर्न सकिने कार्यक्रमबारेको छलफलमा उनले राज्यको बजेट न्यून भएको अवस्थामा भौतिक र मानसिक स्वास्थ्यका क्षेत्रमा निरोधात्मक र उपचारात्मक विधिलाई प्राथमिकता दिने गरी कार्यक्रम निर्माण गर्न निर्देशन दिए ।

प्रधानमन्त्री ओलीले स्वास्थ्य क्षेत्रका जनशक्तिलाई आवश्यक सेवा सुविधा उपलब्ध गराइ बिरामीको सेवा परिचालन गर्न सुझाव दिए । उनले अस्पतालमा आकास्मिक सेवालाई प्रभावकारी बनाउन र चिकित्सक तथा स्वास्थ्यकर्मीलाई थप जिम्मेवार बनाउने व्यवस्था गर्न निर्देशन दिएका थिए । स्वास्थ्य र अन्य क्षेत्रमा अनावश्यक उपकरण तथा औषधि खरिद गर्ने र थन्क्याउने काम भइरहेको आफूलाई जानकारी प्राप्त भएको उल्लेख गर्दै प्रधानमन्त्रीले राज्यको स्रोत र साधनको दुरुपयोग अन्त्य गर्न निर्देशन दिए ।

पृष्ठ १ बाट क्रमश:

## स्वतन्त्र छानबिन...

समितिमा सांसदहरूले जिम्मेवार अधिकारीहरूलाई निलम्बन गरेर मात्रै छानबिनको माग गरेका थिए । नैतिकताका आधारमा पनि पदमा राख्न नहुने उनीहरूको भनाइ थियो । यस विषयमा मन्त्री पाण्डको भनाइ थियो, 'केही विषयहरू निलम्बन लगायतका विषयहरू आएका छन् । नैतिकताको प्रश्न व्यक्तिमा निहित हुन्छ अरु कसैले लाद्ने विषय होइन । मेरो नैतिकताको प्रश्न मैमाथि निहित हुन्छ ।'

आफूमाथि नैतिकताको प्रश्न उठेमा एक क्षण पनि मन्त्री पदमा नबस्ने पाण्डेको भनाइ थियो। यसपछि उनले प्राधिकरणका पूर्वमहानिर्देशकहरूसँग मन्त्रालयमा छलफल गरे । त्यस क्रममा विमान कम्पनीले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संस्था (आईकाओ) ले तोकेअनुसारको सेफ्टी मेनेजमेन्ट सिस्टम (एसएमएस) लागू नगरेको तथा विमान चालक र प्राविधिक जनशक्तिका लागि आवश्यक सुरक्षासम्बन्धी तालिम आदिमा न्यून लगानी गरेको पूर्वमहानिर्देशकहरूले मन्त्री पाण्डेलाई बताए । त्यस्तै, प्राधिकरणको पूरै संरचना र सञ्चालनबारे 'थर्ड पार्टी अडिट' गराउन आवश्यक भएको र त्यसका लागि अन्तर्राष्ट्रियस्तरका ख्यातिप्राप्त संस्थाबाट विज्ञ मगाउन सकिने सुझाव पनि उनीहरूले दिए ।

प्राधिकरणको समग्र पक्षमा सूक्ष्म निगरानी गरी सुधार गर्नुपर्ने र त्यसका लागि विचाराधीन विधेयकहरू संसदबाट पारित गर्नेतर्फ पहल हुनुपर्ने कुरामा पनि छलफलका सहभागीहरूले जोड दिएका थिए । नीतिगत, कानुनी र संरचनागत सुधारका लागि पूर्वमहानिर्देशकहरूसँग सुझाव मागेका थिए । छलफलमा सञ्जीव गौतम, मोहन अधिकारी, हरिभक्त श्रेष्ठ, त्रिरत्न मानन्धर, रतीशचन्द्र लाल सुमन, नगेन्द्रप्रसाद घिमिरेलगायत थिए ।

● ● ●

## टीआरसी विधेयकमा...

२०७१ सालमा सर्वोच्च अदालतले द्वन्द्वकालीन मानवअधिकार उल्लङ्घनका घटनाको न्यायिक निरूपण गर्ने सन्दर्भमा जारी गरेको निर्देशनात्मक आदेश, पीडितहरूको माग र बृहत् शान्ति सम्झौताको मर्मअनुसार टीआरसी ऐन संशोधन हुन लागेको भन्दै उनले खुसी प्रकट गरे । भट्टले द्वन्द्वपीडितहरूले ढिलै भए पनि न्याय पाउने विश्वास प्रकट गरे । 'संक्रमणकालीन न्यायसम्बन्धी ऐन पर्फेक्ट बन्न सक्दैन । यस कारण अहिले जुन विधेयक विचाराधीन छ, यसले द्वन्द्वपीडितहरूले कम्तीमा न्याय पाउने आधार बन्यो है भन्ने भयो', उनले भने ।

विधेयकमा द्वन्द्वकालीन घटनालाई मानवअधिकार उल्लङ्घन भनेर परिभाषित गरिएको छ । यसलाई पूर्वअध्यक्ष भट्ट सकारात्मक ठान्छन् । तर, मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने पीडकलाई २५ प्रतिशत (२० वर्ष कैद हुने भए ५ वर्ष मात्रै) सजाय राख्ने व्यवस्थाप्रति द्वन्द्वपीडितहरू असन्तुष्ट रहेको बताए । यसअघि क्रूरतापूर्वक हत्या भनिएकोमा संशोधित विधेयकमा 'मनशायपूर्वक र स्वेच्छाचारी उल्लेख गरिएको प्रति पनि द्वन्द्वपीडितहरू बेखुस भएको पूर्वअध्यक्ष भट्टले बताए । यद्यपि, विधेयक धेरै हदसम्म द्वन्द्वपीडितलाई न्याय दिलाउने गरी तयार भएको दाबी गरे ।

● ● ●

## श्रमिकको मानव...

आप्रवासी श्रमिकका सन्दर्भमा सुधारको नतीजा आउन नसकेको भन्दै उनले आफ्नो मस्तिष्कलाई नेपालमै राखेर स्वदेशको उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान पुर्‍याउन सकिने विश्वास व्यक्त गरिन् ।

त्यस्तै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव मुकुन्द निरौलाले सरकारले वैदेशिक रोजगारीमा जानेहरूलाई अनुचित भर्ना गर्ने, मानव बेचविखनमा संलग्न र बाध्यकारी आप्रवासनमा पार्नेलाई कारबाहीको दायरमा ल्याउने प्रतिबद्धता जनाए । 'अहिले पनि आप्रवासन र वैदेशिक रोजगारीको नाममा ठगी र तस्करीका घटना घटिरहेका छन्,' उनले भने, 'यस्ता घटनामा सरकारले तत्काल एक्सन लिन्छ, ठगीमा संलग्नहरूलाई कारवाहीको दायरामा ल्याउँछ ।' श्रम मन्त्रालयले पाँच वर्षे व्यवसाय र मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना तयार गरेको भन्दै सचिव निरौलाले आप्रवासी कामदारको अधिकार सुनिश्चित गर्न विभिन्न कानुनी प्रावधानको व्यवस्था गरिएको जानकारी दिए ।

उक्त कार्यक्रममा नेपालका लागि युरोपेली संघका राजदूत भेरोनिक लोरेन्जो, नेपालका लागि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) का आवासीय प्रतिनिधि आयशानी मेडागांगोडा लाबे, नेपालका लागि स्विस राजदूत डेनियल मेउली, नेपालस्थित जापानी दूतावासका उपप्रमुख ताकाहिरो तामुरा, आइओएमका प्रतिनिधि डा.अनुप दास कान्ति लगायतले आप्रवासन, व्यवसाय र मानव अधिकारका क्षेत्रमा नेपालको प्रयासमा निरन्तर सहकार्य र सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे ।

● ● ●

## नेपालमा ओमानको...

यसअघि नेपाल-ओमान द्विपक्षीय परामर्श संयन्त्रको पहिलो बैठकमा सचिव लम्सालले सम्बोधन गर्दै पारस्परिक हितका क्षेत्रमा सहकार्य गर्न आवश्यक भएको बताएकी थिइन् । बैठकमा दुवै पक्षले सन् १९७७ मा दुई मुलुकबीच कूटनीतिक सम्बन्ध स्थापना भएयता आपसी सहकार्य र साझेदारी हुँदै आएको चर्चा गर्दै उच्चस्तरीय भ्रमण आदानप्रदान, व्यापार, लगानी, आर्थिक सहयोग, कृषि, ऊर्जा, पर्यटन, श्रम, वैदेशिक रोजगारी, संस्कृति, शिक्षा, सिधा हवाई सम्पर्कलगायत सबै क्षेत्रमा सहकार्य गर्न सहमति जनाएका छन् ।

त्यस्तै सचिव लम्सालले ओमानका श्रममन्त्री डा.महमद बिन सइद बिन अली वाओइनसँग पनि भेट गरेकी छन् । त्यस अवसरमा उनीहरूबीच श्रमिक आपूर्ति तथा श्रम क्षेत्रमा सहकार्य गर्नेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षरका साथै रोजगारीका अवसर उपलब्ध गराउनेबारेमा छलफल भएको दूतावासले जनाएको छ ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक १०८ साउन २४ गते २०८१ मा प्रकाशित **Earth Smart Human Resources Nepal Pvt.ltd** को Lot No. 308533 को **Kalpataru Projects International Limited** कम्पनीको विज्ञापनमा **Construction Labouers को मासिक तलब ने.रु. ३५,७६५ (SAR 1000)** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ।

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक १०८ साउन २४ गते २०८१ मा प्रकाशित **Mobhira H.R. Service Pvt. Ltd.** को Lot No. 308607 को **Hussain Bin Ali Athifa Contracting Company** र Lot No. 308606 को **Mustafa Ali Al-Haifa Contracting Company** कम्पनीको विज्ञापनमा **Construction Worker को मासिक तलब ने.रु. ३५,७६५ (SAR 1000)** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ।

MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com

## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार विक्रिको सूचना

पहिलो पटक सुचना प्रकाशन मिति २०८१/०४/२५ (शुक्रबार)

यस सामुदायिक वन उपभोक्ता समुहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २४१३ मिति २०८०/११/१६ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. १९४ मिति २०८१/०४/२१ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, सिसौं र खयर जातका गोलिया थान ५३७ को परिमाण जम्मा १५२७.०९ क्यू.फि. काठ र साल जातको दाउरा चट्टा २.००, सिसौं जातको दाउरा चट्टा १.०० र अन्य जातको दाउरा चट्टा ए.छ लाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। ईच्छुक वन पैदावारको लिलाम बिक्रिमा भाग लिनका लागी डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा-छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२औं दिनको कार्यालय समय भित्र दाखिला गर्न यो सुचना आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

श्री सुनखोली सामुदायिक वन उपभोक्ता समूह
राप्ती सोनारी-छ, बिनौना, बाँके

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक सूचना प्रकाशित मिति २०८१/०४/२५

त्यस कम्पनीको मिति २०८१/०३/२० को विशेष साधारणसभाको निर्णयानुसार तपसिलमा उल्लेखित शर्तहरु पालना गर्ने गरी कम्पनीको प्रबन्धपत्रको दफा १ तथा नियमावलीको नियम १ मा संशोधन गरी कम्पनीको नाम तपसिल बमोजिम परिवर्तन गरी **गोल्ड सन फूड्स प्रा.लि.** कायम गरेको र सोही निर्णयानुसार कम्पनीको रजिष्टर्ड कार्यालय तपसिल बमोजिमको स्थानमा परिवर्तन गरी कम्पनीको प्रबन्धपत्रको दफा १ तथा नियमावलीको नियम १ मा संशोधन गरेकोलाई सम्बन्धित निकायको स्वीकृत लिनु पर्ने भए लिई कार्यान्वयन गर्ने शर्तमा स्वीकृति प्रदान गरि संशोधित प्रबन्धपत्र / नियमावलीको १/१ प्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा मिति २०८१/०४/१० को निर्णयानुसार जानकारी गराइन्छ ।

## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ।

1. ACCOUNTANT -1 (F)

नोट: bachelor Passed, सम्बिन्धित क्षेत्रमा अनुभवी, कम्प्युटरका ज्ञान, ट्याली चलाउन जन्ने हुनुपर्ने छ।

तलब: आपसी समझदारीमा

Dana Human Resource Nepal Pvt. Ltd.
Govt. Lic.No 1692/081/81
Sinamangal, Kathmandu, Tel No. +977-01-5923344, Phone No: 980-2373747
Email Id: danasnepalpg@gmail.com, info@dananepal.com, website : www.dananepal.com

## ओखलढुंगा क्याम्पस
ओखलढुंगा

## बोलपत्र आव्हानको सूचना

प्रकाशित मिति: २०८१/०४/२५

क्याम्पसको बोलपत्र सम्बन्धि सूचना IFBNo. Works/NCB/Okhalcampus/01/2081-82, http://bolpatra.gov.np/egp मा प्रकाशित गरिएको छ। बिस्तृत जानकारीको लागि यस क्याम्पसमा सम्पर्क राख्नु हुन तथा सम्बन्धित Website (http://bolpatra.gov.np/egp) visit गर्नहुन अनुरोध छ।

## साउदीमा रोजगार

कम्पनी : MOFARREH MARZOUQ AL HARBI AND PARTNERS CO. LTD .
शहर : Neom

पूर्व स्वीकृति मिति: २०८०/०६/१२ पुन विज्ञापन स्वीकृति मिति: २०८१/०४/२४ LT. No. 293305 चलानी नं. ६०२०८४६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 13 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १ गते (17th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १७२/०५६/५७
WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np

## साउदीमा रोजगार

कम्पनी : LARSEN & TOUBRO SAUDI ARABIA LLC
शहर : Riyadh

पूर्व स्वीकृति मिति २०८१/०४/२३ LT. No. 308599 चलानी नं. ६०२२३२६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 15 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३२ र भदौ १, २ गते (16/17/18 Aug. 2024) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।



श्रम ईजाजत नं. ३३६/०५९/०६०
AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WHITE TISSUE FOR PAPER PRODUCTS FACTORY

पूर्व स्वीकृति मिति २०८१/०४/२३ LT. No. 308499 चलानी नं. ६०२२३२२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unload Worker | 3 | 0 | 1200 | ४२,६०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manufacturing Worker | 3 | 0 | 1200 | ४२,६०० | | | | | | | |

कम्पनी : CHILDHOOD BARBER AND BEAUTY FOR SHAVING

पूर्व स्वीकृति मिति २०८१/०४/२३ LT. No. 308500 चलानी नं. ६०२२३२२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barbers | 1 | 0 | 1300 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SPECIALIZED COFFEE CROP CAFÉ FOR SERVING DRINKS

पूर्व स्वीकृति मिति २०८१/०४/२३ LT. No. 308449 चलानी नं. ६०२२३२२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Server,food And Beverage Dept | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३२ गते (16th Aug. 2024) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।



Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AYADI HUMAN CAPITAL SOLUTIONS (AYADI)L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०१/२७ पुन विज्ञापन स्वीकृति मिति: २०८१/०४/२४ LT. No. 304465 चलानी नं. ६०२१९२३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 100 | 0 | 1200 | ४३,६८४ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 200 | 0 | 800 | २९,१२२ | | | | | | | |
| 3 | Shuttering Carpenter | 100 | 0 | 1200 | ४३,६८४ | | | | | | | |
| 4 | Steel Fixer | 100 | 0 | 1200 | ४३,६८४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३२ गते (16th Aug. 2024) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।



श्रम ईजाजत नं. १०५०/०७३/०७४
EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

## कतारमा रोजगार

कम्पनी : MONASTIC CLEANING & CONTRACTING WLL
शहर : Doha

पूर्व स्वीकृति मिति २०८०/१२/०६ पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/२४ LT. No. 301901 चलानी नं. ६०२१६८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 22 | 1000 | ३६,३०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist | 0 | 1 | 1500 | ५४,९५० | | | | | | | |
| 3 | Supervisior | 0 | 2 | 2500 | ९१,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३२ गते (16th Aug. 2024) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।



JALAJALA RECRUITMENT PVT.LTD
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

## कुवेतमा रोजगार

कम्पनी : WORX INTERNATIONAL CO. WLL
शहर : .......

पूर्व स्वीकृति मिति २०७९/०८/२६ पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/२४ LT. No. 277628 चलानी नं. ६०१९३१८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Stainless Steel Polisher | 10 | 0 | 120-140 | ५१,६४०-६०,२५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Welder (Sheet Metal) | 20 | 0 | 130-150 | ५५,९४५-६४,५५५ | | | | | | | |
| 3 | Fabricator (Sheet Metal) | 20 | 0 | 130-150 | ५५,९४५-६४,५५५ | | | | | | | |
| 4 | Spray Painter/powder Coating Personnel | 5 | 0 | 120-130 | ५१,६४०-६०,२५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३२ गते (16th Aug. 2024) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।



Supreme Overseas Pvt. Ltd.
Koteshwor-32, Kathmandu, Nepal.
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

# प्रधानसेनापतिको कार्यभार रथी सिग्देललाई

**काठमाडौं–** प्रधानसेनापति प्रभुराम शर्माले बलाधिकृत रथी अशोकराज सिग्देललाई आफ्नो कार्यभार हस्तान्तरण गरेका छन् । सैनिक मुख्यालय जंगी अड्डामा बिहीबार आयोजित विशेष समारोहमा प्रधानसेनापति शर्माले शुक्रबार (आज) देखि सम्हाल्नेगरी वरिष्ठतम् रथी सिग्देललाई प्रधानसेनापतिको कार्यभार बुझबुझारथ गरेका हुन् ।

मुलुकको प्रमुख सुरक्षा संगठन नेपाली सेनाको ४५औं प्रधानसेनापतिका रूपमा बलाधिकृत रथी सिग्देलले करिब एक महिनापछि जिम्मेवारी सम्हाल्दै छन् । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले आजदेखि लागू हुनेगरी रथी सिग्देललाई कायममुकायम प्रधानसेनापतिको जिम्मेवारी यसअघि नै तोकिसकेका छन् । प्रधानसेनापति शर्मा तीनवर्षे पदावधि आगामी भदौ २४ गते समाप्त भई अनिवार्य अवकाशमा जाँदै छन् । प्रधानसेनापति अवकाश हुनु एक महिनाअघि घर बिदामा बस्ने प्रावधान रहेअनुसार रथी सिग्देलले कामु प्रधानसेनापतिको जिम्मेवारी पाएका हुन् ।

कार्यभार बुझबुझारथ समारोहमा प्रधानसेनापति शर्माले नेपाली सेनाको सबै तह र तप्कालाई राम्रो बुझेको, नीति, नियम र पद्धतिबारे गहन बुझाइ राख्ने, व्यावहारिक र व्यावसायिक क्षमता भएका उत्तराधिकारीका रूपमा बलाधिकृत रथी सिग्देललाई कार्यभार बुझाउन पाएको भनी खुसी व्यक्त गरे । त्यस अवसरमा पूर्वप्रधानसेनापतिहरू, रक्षा मन्त्रालयका सचिव, रथीवृन्दलगायत उपस्थित थिए । प्रधानसेनापति शर्माले बिहीबार नै वीरगति प्राप्त सकल दर्जाको सम्मानमा वीर स्मारक छाउनी र सैनिक मञ्च टुँडिखेलमा श्रद्धाञ्जलीसमेत अर्पण




गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

### को हुन् कामु प्रधानसेनापति सिग्देल ?

बलाधिकृत रथी सिग्देलले स्वदेश तथा विदेशबाट व्यावसायिक सैन्य शिक्षा हासिल गरेका छन् । आर्मी कमान्ड एन्ड स्टाफ कलेज शिवपुरी र चीनको नेसनल डिफेन्स युनिभर्सिटीबाट स्नातक उनले आर्मी वार कलेजमा हायर कमान्ड एन्ड म्यानेजमेन्ट कोर्श र भारतबाट डिफेन्स म्यानेजमेन्ट कोर्स पूरा गरेका छन् ।

राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका विभिन्न कार्यशाला र व्यावसायिक सेमिनारमा पनि भाग लिएका बलाधिकृत रथी सिग्देलले त्रिभुवन विश्वविद्यालय र चीनको राष्ट्रिय रक्षा विश्वविद्यालयबाट रणनीतिक अध्ययनमा स्नातकोत्तर उपाधि हासिल गरेका छन् । ३८ वर्षको सैन्य जीवनमा उनीसँग काउन्टर इन्सर्जेन्सी र जंगल वारफेयर स्कुलको कमान्डेन्ट, इन्फन्ट्री ब्रिगेड र डिभिजनको कमान्ड गरेको अनुभव छ । बलाधिकृत रथी सिग्देलले सन् २०२२ मा अमेरिका-नेपाल तेस्रो ल्यान्ड फोर्स वार्ताका लागि नेपाली सेनाको प्रतिनिधिमण्डलको पनि नेतृत्व गरेका थिए ।

कोरोना महामारीका समयमा कोभिड क्राइसिस म्यानेजमेन्ट सेन्टर (सिसिएमसी) को सचिवका रूपमा पनि उनले काम गरे । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीतिक महत्त्वका घटनालाई नजिकबाट चासो साथ हेर्ने रथी सिग्देल संगठनभित्र अध्ययनशील र सकल दर्जाका कुरा सुन्ने व्यक्तित्वका रूपमा परिचय बनाएका छन् । उनले सैनिक संगठनभित्र युद्धकार्य, सम्भार विभाग, नीति महानिर्देशक र उपत्यका पृतनाजस्ता महत्त्वपूर्ण जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरिसकेका छन् ।

त्यस्तै, अन्तर्राष्ट्रिय क्षेत्रमा संयुक्त राष्ट्र शान्ति सेनाअन्तर्गत पूर्व युगोस्लाभिया, ताजिकिस्तान र लाइबेरियाजस्ता चुनौतीपूर्ण स्थानमा सेवा गरिसकेका छन् । सैनिक जीवनको उत्कृष्ट सेवाको कदरस्वरूप उनी सुप्रबल जनसेवाश्री तेस्रोसहित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदकबाट विभूषित छन् । संगठनको उन्नयनमा उत्कृष्ट योगदान पुऱ्याएबापत उनले दुईपटक 'प्रधानसेनापति प्रशंसा पदक'समेत पाएका छन् ।

नेपालको संविधानले सेनालाई नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षा गर्ने महत्त्वपूर्ण जिम्मेवारी तोकेको छ । यसका अलवा विपद् व्यवस्थापन, राष्ट्र विकास, शान्ति स्थापना, आन्तरिक सुरक्षा, वन तथा पर्यावरण सुरक्षा, ऐतिहासिक धरोहरको संरक्षण, राष्ट्रिय एकताको प्रवर्द्धन र आपत्कालीन खोज तथा उद्धारका कार्य पनि सेनाको जिम्मेवारी क्षेत्रमा रहेको छ ।

नेपाली सेनाले अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमासमेत विशिष्ट योगदान पुऱ्याउँदै आएको छ । नेपाली सेना व्यावसायिक, अनुशासित, कर्तव्यनिष्ठ र मानवअधिकार प्रवर्द्धनका दृष्टिकोणबाट समेत अब्बल ठहरिएका कारण द्वन्द्वग्रस्त राष्ट्रका जनताको पहिलो रोजाइमा पर्दै आएको छ । संयुक्त राष्ट्र संघको आह्वानमा महिलासहित ठूलो संख्यामा शान्ति सैनिक खटाउने मुलुकको सूचीमा पहिलो स्थानमा छ । त्यस क्रममा हालसम्म विभिन्न ४४ वटा मिसनमा एक लाख ५२ हजार ८१८ शान्ति सैनिकले शान्ति स्थापना कार्यका लागि योगदान पुऱ्याइसकेका छन् भने हाल विभिन्न ११ मिसनमा पाँच हजार ९१६ सैनिक कार्यरत रहेको नेपाली सेनाले जनाएको छ । *रासस*

# वनमन्त्री ठकुरीले सुरू गरे 'प्लास्टिक फ्रि जोन' अभियान

**काठमाडौं (प्रस)–** वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले केन्द्रीय प्रशासनिक भवन सिंहदरबार क्षेत्रमा मानव स्वास्थ्य र वातावरणमा असर गर्ने प्लास्टिकका सामग्रीको प्रयोग हटाउन 'प्लास्टिक फ्रि जोन' अभियानको सुरुआत गरेका छन् ।

वातावरणका क्षेत्रमा कार्यरत संस्था 'साथसाथै फाउण्डेसन' को प्रनितिधिमण्डलसँग बिहीबार मन्त्रालयमा भएको भेटवार्तापछि उनले आफ्नै कार्यकक्षमा रहेका खानेपानीका प्लास्टिकका बोतल हटाएर सो अभियान प्रारम्भ गरे । मन्त्री ठकुरीले भने, 'हाम्रो मन्त्रालयका सबै कार्यकक्षमा आजैदेखि मानव स्वास्थ्य र वातावरणमा असर गर्ने तथा प्रयोग गर्न अयोग्य प्लास्टिकका सामग्री हटाएर अभियानको सुरुआत गर्छौं । बाँकी अन्य मन्त्रालय र निकायलाई पनि आग्रह गरेर यसरी नै सिंहदरबार 'प्लास्टिक फ्रि जोन'



बनाउन पहल गर्छौं ।'

सिंहदरबारका प्रवेशद्वारमा 'प्लास्टिक फ्रि जोन' सम्बन्धी सचेतनामूलक होर्डिङ बोर्ड राखेर अनुगमन गरी अभियान अघि बढाउने मन्त्री ठकुरीले प्रतिबद्धता व्यक्त गरे । साथै उनले सबैले पुन:प्रयोग गर्न मिल्ने सामग्रीको उपयोग गरेर वातावरण स्वच्छ बनाउन र जीवनशैलीमा मितव्ययीता अपाउनुपर्नेमासमेत जोड दिए ।

सो अवसरमा साथसाथै फाउण्डेसनकी अध्यक्ष प्रजिता कार्कीले स्वच्छ र हरित वातावरण बनाउन प्रत्येक व्यक्तिले आफ्नो तर्फबाट व्यक्तिगतरूपमा प्रतिबद्धता गरी काम गर्नुपर्ने संस्थाको अभियानका बारेमा मन्त्री ठकुरीलाई अवगत गराएकी थिइन् । अध्यक्ष कार्कीले दिगो वातावरण र प्रकृति जोगाउनका लागि दैनिक जीवनमा प्रयोग हुने सामग्रीको पुन: प्रयोग गर्ने, कम प्रयोग गर्नेलगायत अभियानका लागि सचेतना आवश्यकतामा जोड दिइन् ।

नेपाल सरकारले वातावरण र मानव स्वास्थ्यमा पर्ने जोखिम न्यूनीकरण गर्न २०७८ साउन १ गतेदेखि ४० माइक्रोनभन्दा पातलो प्लास्टिकको उत्पादन, आयात, बिक्री, वितरण र प्रयोगमा प्रतिबन्ध लगाउने निर्णय गरेको थियो । त्यस्तै सरकारले २०७९ साउन १२ गते राजपत्रका सूचना प्रकाशित गरेर नेपालभर प्लास्टिकजन्य फूलगुच्छाको उत्पादन, आयात बिक्री वितरण वा भण्डारण गर्न रोक लगाउने निर्णय गरेको थियो ।

तर उक्त निर्णयहरू भने पूर्णरूपमा कार्यान्वयन भएको देखिँदैन । मन्त्रालयअन्तर्गतको वातावरण विभागका सूचना अधिकारी दीपक ज्ञवालीले उक्त निर्णय कार्यान्वयनका लागि विभागले सरोकारवाला व्यक्ति र निकायसँग छलफल गर्दै आएको, सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको, अनुगमन गरी अटेर गर्नेलाई कारबाही गर्ने गरेको, विकल्पका बारेमासमेत विभिन्न उपाय सम्बन्धमा छलफल गर्दै आएको बताए ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO.,LTD

पूर्व स्वीकृति मिति २०८१/04/२४ | LT. No. 308623 | चलानी नं. ६०२२३२८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder Labourers | 30 | 0 | 1500 | ५३,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SINOPEC NANJING ENGINEERING MIDDLE EAST CO., LTD.

पूर्व स्वीकृति मिति २०८१/04/२४ | LT. No. 308624 | चलानी नं. ६०२२३२८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 30 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३२ गते (16th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

All Skills International Human Resource Pvt.ltd.

Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542

E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

## बहराइनमा रोजगार

कम्पनी : ALKOBRA CLEANING EST

शहर : MANANMA

पूर्व स्वीकृति मिति २०८१/04/२३ | LT. No. 308568 | चलानी नं. ६०२२३२४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workers | 50 | 0 | 100 | ३५,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |



अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३२ गते (16th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



श्रम ईजाजत नं. ७८८/०६५/०६६

GULF MANAGEMENT INTERNATIONAL PVT.LTD

P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134,

Mobile: 9851231432, 9849205504, E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com

## साउदीमा रोजगार

कम्पनी : CONTENT CLOUD FOR INFORMATIONTECHNOLOGY EST.

शहर : .....

पूर्व स्वीकृति मिति २०८१/04/२३ | LT. No. 308556 | चलानी नं.६०२२३२३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laborer & Unloading | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |



अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३२ गते (16th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



श्रम ईजाजत नं. 267/058/059

ARANIKO OVERSEAS PVT. LTD.

Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.

Tel: +977 1 5455365/5010657/5010658, Email: infoaraniko267@gmail.com

## युएईमा रोजगार

कम्पनी : NANO SPOT BUILDING CLEANING LLC

शहर : Dubai

पुर्व स्वीकृति मिति: २०८०/१०/२६ | LT. No. 299735 | चलानी नं. ६०२१४७००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Technician | 5 | 0 | 1200 | ४३,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaning Worker | 45 | 0 | 1000 | ३६,५४० | | | | | | | |



अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३२ गते (16th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Al Amal Overseas Pvt. Ltd.

Govt. License No. 1345/074/075

Samakhusi-26, Kathmandu, Nepal +977-1-4960015, 4966061

E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com

Website : alamaloverseas.com


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/04/२५

यस कम्पनीको मिति २०८१/04/१७ मा सम्पन्न विशेष/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **वेष्टर्न विद्या निकेतन प्रा.लि. (प्रा.लि. नं. १७३७३६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/04/२३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **वेष्टर्न कलेज अफ विजनेश स्टडिज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## हक दावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मितित २०७६/१२/०३ मा दर्ता भएको **टी.ए.एल सोलुशन प्रा.लि.** (प्रा.लि.नं. २३६५६३) नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/04/२५

यस कम्पनीको मिति २०८१/03/११ मा सम्पन्न विशेष/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **अनार भुपेन्द्रनाथ हस्पीटल प्रा.लि. (प्रा.लि. नं. ९३८३७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/04/१८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **अनार भुवनेश्वर हस्पीटल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## अधिकृत वारेशनामा बदर गरिएको सूचना

म तरि बाबु अवालेको नाति बेखामान अवालेको छोरा साबिक ललितपुर जिल्ला ललितपुर उ.प.म.न.पा वार्ड नं. ११ हाल परीर्वतीत ऐ. जिल्ला ललितपुर मनपा वडा नं १२ बस्ने वर्ष ३३ को विशेष अवालेले तपाई साबिक ललितपुर जिल्ला ललितपुर नगर वार्ड नं ७ को हाल परिवर्तित ऐ जिल्ला ललितपुर म.न.पा. वडा नं ७ बस्ने वर्ष ५२ की लक्ष्मी महर्जनलाई मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को वारिस सम्बन्धी व्यवस्थाको दफा १५३ बमोजिम मुद्दा मामिला गर्न अधिकृत वारेसनामा दिएकोमा मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५५(ग) बमोजिम तपाईलाई दिएको अधिकृत वारेसनामा आजकै मितिमा बदर गरिएको सूचना प्रकाशन गरिएको छ ।

## कर्मचारी आवश्यकता

**(प्रथम पटक प्रकाशित मिति २०८१/०४/२५)**

बनेपा-५, काभ्रेपलाञ्चोक स्थित केन्द्रीय कार्यालय भएको यस स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको लागि तपशिलमा उल्लेखित पदहरुमा कर्मचारीहरु नियुक्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकले आफुले प्राप्त गरेको नेपाली नागरिकताको प्रतिलिपी, आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १ प्रति, आवेदन फारम, लिखित निवेदन साथै बायोडाटा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र vacancy.slbsl@gmail.com वा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बनेपा-५, काभ्रेपलाञ्चोक (पोष्ट बक्स नं.५१९) मा प्राप्त हुने गरी आवेदन गर्नुहुन दरखास्त आव्हान गरिन्छ । रित नपुगि र म्याद नाघि आएको दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

तपशिल

| पद विवरण | | प्रबन्धक | सहायक प्रबन्धक | वरिष्ठ अधिकृत | अधिकृत | सहायक अधिकृत | सुपरभाइजर | वरिष्ठ सहायक | सहायक | कनिष्ठ सहायक | सहायक प्रशिक्षार्थी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.न | विज्ञापन नं. | विज्ञापन नं.१/०८१/८२ | विज्ञापन नं.२/०८१/८२ | विज्ञापन नं.३/०८१/८२ | विज्ञापन नं.४/०८१/८२ | विज्ञापन नं.५/०८१/८२ | विज्ञापन नं.६/०८१/८२ | विज्ञापन नं.७/०८१/८२ | विज्ञापन नं.८/०८१/८२ | विज्ञापन नं.९/०८१/८२ | विज्ञापन नं.१०/०८१/८२ |
| १ | आवश्यक संख्या | १ | १ | २ | १ | २ | केही | केही | केही | केही | केही |
| २ | श्रेणी | व्यवस्थापकिय | | अधिकृत | | | सहायक | | | | |
| ३ | किसिम | स्थायी | | स्थायी/करार | | | स्थायी | | | स्थायी/करार | करार |
| ४ | न्यूनतम शैक्षिक योग्यता | स्नातकोत्तर वा सो सरहको परीक्षा उतीर्ण भएको हुनु पर्नेछ, वा स्नातक उतीर्ण गरी लघुवित्त क्षेत्रमा ५ वर्षको कार्य अनुभव भएको | | स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भएको वा प्रविणता प्रमाणपत्र वा सो सरहको परीक्षा उत्तीर्ण गरी लघुवित्त क्षेत्रमा ५ वर्षको कार्य अनुभव भएको | | | प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण भएको वा एस.एल.सी/एस.ई.ई वा सो सरहको परीक्षा उत्तीर्ण गरी लघुवित्त क्षेत्रमा ५ वर्षको कार्य अनुभवको | | | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.एल.सी/एस.ई.ई वा सो सरहको परीक्षा उत्तीर्ण गरेको । | |
| | | अधिकृत श्रेणी अन्तर्गत Software, networking (Switch, Firewall, SAN/NAS) Database, SQL Infrastructure Handling आदि सम्बन्धी विषयमा स्नातक वा सो सरहको परीक्षा उतिर्ण गरी कार्य अनुभव भएकालाई विशेष प्राथमिकता दिईनेछ ।) | | | | | | | | | |
| ५ | | परीक्षाको किसिम लिखित वा अन्तरवार्ता वा दुबै, | | | | | | | | | |
| ६ | उमेरको हद | व्यवस्थापकिय श्रेणीमा २१ वर्ष पुरा भइ ४५ वर्ष ननाघेको हुनुपर्नेछ । | | अधिकृत श्रेणीमा २१ वर्ष पुरा भइ ४० वर्ष ननाघेको हुनुपर्नेछ । | | | सहायक श्रेणीमा १८ वर्ष पुरा भइ ३५ वर्ष ननाघेको हुनुपर्नेछ । | | | | |
| | | महिला आवेदकको हकमा माथिल्लो उमेरको हदमा पाँच वर्ष थप हुनेछ, तर लघुवित्त क्षेत्रमा छ महिनाको अनुभवीलाई उमेर हद लाग्ने छैन । "उमेर" भन्नाले कुनै पदको निमित्त दरखास्त दिने अन्तिम मितिमा पुग्ने उमेर सम्झनु पर्दछ । | | | | | | | | | |
| ७ | | कार्यक्षेत्र वित्तीय संस्थाको कार्य क्षेत्र भित्र रहनेछ । | | | | | | | | | |
| ८ | | परीक्षणकाल तथा सेवा सुविधा वित्तीय संस्थाको नियमानुसार हुनेछ । | | | | | | | | | |
| ९ | | परीक्षार्थी छनोट सूचीमा परेका उमेद्धवारहरुलाई परीक्षाको सूचना (www.slbbl.com.np) मा प्रकाशन गरी जानकारी गराईनेछ । | | | | | | | | | |
| १० | | आवेदन फारम (Vacancy Form) तथा पाठ्यक्रम www.slbbl.com.np बाट Download गरी प्राप्त गर्न सकिने छ । | | | | | | | | | |
| ११ | | कर्मचारी छनोट सम्बन्धि अधिकार वित्तीय संस्थामा निहीत हुनेछ । | | | | | | | | | |

**पदपुर्ती समिति**
**केन्द्रीय कार्यालय, बनेपा-५, काभ्रे**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# हवाई सुरक्षामा गम्भीर चुनौती

**बुधबार डाइनेस्टी एयरको हेलिकप्टर दुर्घटना भएसँगै मुलुकको हवाई सुरक्षामा गम्भीर प्रश्न उब्जाएको छ । नेपाली आकाश असुरक्षित रहेको भन्दै अन्तर्राष्ट्रियस्तरमा आलोचना भइरहेको सन्दर्भमा पछिल्लो दुर्घटनाले सुरक्षाको विषयलाई थप चुनौतीपूर्ण बनाएको हो । बुधबार भएको हेलिकप्टर दुर्घटना दुई साताभित्र भएको दोस्रो दुर्घटना हो । यही साउन १० गते सौर्य एयरलाइन्सको जहाज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमै दुर्घटना हुँदा १८ जनाको ज्यान गएको थियो । पोखराका लागि उडेको उक्त विमान जमिन छाडेको केही सेकेण्डभित्रै दुर्घटनामा परेको थियो । उक्त घटना सेलाउन नपाउँदै बुधबार हेलिकप्टर दुर्घटना भएको छ ।**

**भक्तपुरको नलिनचोकबाट चारजना चिनियाँ पर्यटक लिएर रसुवाको स्याफ्रुबेसीका लागि उडेको उक्त हेलिकप्टर नुवाकोटको शिवपुरी गाउँपालिकास्थित सूर्यचौर जंगलमा दुर्घटना भएको हो । दुर्घटनामा परी पाइलटसहित चारजना चिनियाँ पर्यटकको ज्यान गएको छ । यो दुर्घटनाले जनधनको क्षति पुऱ्यायो । यो दुःखदायी पाटो छँदै छ, थप गम्भीर विषय भनेको अन्तर्राष्ट्रियस्तरमा पुनः नराम्रो सन्देश प्रवाह भएको छ ।**

**उड्डयन क्षेत्रलाई सुरक्षित बनाउन सरकार, नियमकारी तथा अन्य सरोकारवाला निकाय र स्वयं एयरलाइन्स सञ्चालकहरूको लापारवाही प्रस्ट देखिन्छ । पटक–पटक यो लापारवाही दोहोरिइरहेको छ । सरकारले प्रत्येक दुर्घटनामा जाँचबुझ आयोग गठन गरेर प्रतिवेदन लिनेबाहेक हवाई क्षेत्रलाई सुरक्षित बनाउन प्रभावकारी कदम चाल्न सकेको छैन । जुन पछिल्ला घटनाहरूले नै पुष्टि गरेको छ । यस्ता आयोगहरूको काम औपचारिकतामा मात्रै सीमित बन्नु मुलुकको उड्डयन र पर्यटन क्षेत्रकै लागि घातक बनिरहेको छ ।**

**यहीबीच प्रतिनिधिसभाअन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिले नेपालको समग्र हवाई सुरक्षा मापदण्ड कार्यान्वयनको अवस्थाबारे छानबिन गर्न विज्ञहरू सम्मिलित एक स्वतन्त्र छानबिन समिति गठन गर्न सरकारलाई निर्देशन दिएको छ । समितिको बिहीबार सिंहदरबारमा बसेको बैठकले हवाई सुरक्षा मापदण्ड कार्यान्वयन भए⁄नभएको अवस्थाबारे १५ दिनभित्र छानबिन गरी आवश्यक नीतिगत सुधार गर्न र कोही दोषी देखिएमा कारबाहीको सिफारिस गर्न विज्ञहरूको स्वतन्त्र छानबिन समिति गठन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिएको हो ।**

**पछिल्लो समय निरन्तर भइरहेको हवाई दुर्घटनाका सम्बन्धमा दुर्घटनापिच्छे छानबिन समिति बन्ने गरे पनि समग्र हवाई सुरक्षाको अवस्थामा सुधार आउनुको सट्टा झन् कमजोर बन्दै गएको समितिको निष्कर्ष छ । हवाई सुरक्षा मापदण्ड कार्यान्वयनको अवस्था तथा नेपालको विद्यमान नागरिक उड्डयनसम्बन्धी कानुन एवं अन्तर्राष्ट्रिय अभ्यासअनुरूप कार्यान्वयनको अवस्थाबारे छानबिन गर्न निर्देशन दिइएको छ । संसदीय समितिको यो निर्णयलाई कार्यान्वयन गर्ने हो भने फेरि एक छानबिन समिति बन्ने देखिन्छ । विज्ञहरूको समितिले सुझाव दिने तर कार्यान्वयन नगर्ने प्रवृत्ति दोहोऱ्याउने हो भने यस्तो समिति गठन गर्नुको औचित्य रहँदैन । हालसम्मका आयोग⁄समितिहरूले दिएकै सुझावहरूको अक्षरश कार्यान्वयन गर्ने हो भने हवाई दुर्घटना न्यूनीकरण हुने थियो कि ?**

## मनन्योग्य

### चाणक्य नीति

यो आदेश पाएर त्रिनेत्र हिंडे । महामात्य शकटारलाई बोलाई यही सूचनाको झ्याली पिटाउन निर्देशन गरे । त्यसपछि चाणक्यले चन्द्रगुप्तपट्टि फर्किंदै भने- 'देख्यौ तिमीले ! वास्तविक युद्ध अब हुन्छ । राक्षसको अनुपम बुद्धि-चातुर्यले पाइला-पाइलामा हाम्रा लागि षड्यन्त्र खडा गर्छ । यस किसिमको षड्यन्त्रमा विजय पाउन केवल बुद्धि र विवेकबाट मात्र सम्भव छ ।' एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ । सुनले बनेका दुई सिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए ।

चाणक्यले सम्झाउँदै भने- 'अब शोक नगर, राज्यका लागि सचेत होऊ । राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ । यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हाँस्ने समय नै हुन्छ । जब धेरै रुन्छ वा हाँस्छ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा हाँस्नु स्वाभाविक हो महात्मा !'

'होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन । शोक अर्काका लागि उपहास बन्छ, हर्ष आफ्ना लागि पीडादायक हुन्छ । अतः पत्थर (ढुंगा) जस्तै कठोर तिमीले बन्नुपर्छ ।' त्रिनेत्र-सम्पूर्ण प्रयत्न विफल भइरहेछन् । चन्द्रगुप्तको कुरा मुखबाट निक्लिदै नागरिक आइलाग्छन् । सोच्दासोच्दै कसरी रात बित्यो, कतिखेर सूर्योदय भयो, थाहै भएन चाणक्य अधीर हुँदै यताउता टहल्दै थिए । चन्द्रगुप्त र त्रिनेत्र मात्र उत्कण्ठाले हेरिरहेथे । धेरै समयपछि अचानक उनको वाक्य फुट्यो, त्रिनेत्रलाई भने-'आँधी आउनुभन्दा पहिल्यै त्यसलाई रोक्नुपर्छ, तिमी व्यापारी, नागरिक, रेखदेख गर्ने, मदिरा बेच्ने आदि भेषमा र साधुका भेषमा समेत आफ्ना गुप्तचर लगाऊ । छिमेकी राज्यमा पनि विश्वस्त साथीहरूको जाल फैलाऊ, मिनेट मिनेटको खबर प्रत्येक रातमा मैले पाउनुपर्छ । अनि प्रजामा पनि यो समाचार फैलाऊ कि चन्द्रगुप्त धेरै परिश्रमले गर्दा अस्वस्थ छन्, अतः राज्याभिषेक केही दिनका निम्ति स्थगित गरिएको छ ।'

# आयुर्वेद प्रतिष्ठानको आवश्यकता



■ प्रा.डा. चन्द्रराज सापकोटा

आयुर्वेद संसारकै पुरानो चिकित्सा पद्धति हो । पूर्वीय दर्शनमा आधारित यो पद्धति अहिले पनि उत्तिकै सान्दर्भिक र भरपर्दो छ । आयुर्वेद क्षेत्रको उन्नयनका लागि गरिनुपर्ने कामहरू लामो समयदेखि रोकिएको छ । स्वास्थ्यको क्षेत्रमा सबैभन्दा पुरानो विधा आयुर्वेद हो । आयुर्वेदपछि अन्य विधाहरू पनि यसमा संलग्न हुन आए । नेपालको सन्दर्भमा पनि जेठो स्वास्थ्य संस्थाका रूपमा सिंहदरबार वैद्यखानालाई लिन सकिन्छ । राजा प्रताप मल्लको पालामा स्थापना भएको यो संस्था दक्षिण पूर्वी एसियाकै पुरानो संस्था हो ।

नेपालमा शिक्षा दिने संस्थाका रूपमा त्रिभुवन विश्वविद्यालयअन्तर्गतको आयुर्वेद क्याम्पस कीर्तिपुरमा छ । आयुर्वेदका विधाहरूलाई ७७ वटा जिल्लामा सञ्चालन गर्न आयुर्वेद विभाग छ । चिकित्साका लागि केन्द्रीय चिकित्सालयका रूपमा आयुर्वेद चिकित्सालय नरदेवीमा छ । यी सबै संस्थाहरू जुन रूपमा चल्नुपर्ने हो, त्यो चलेको अनुभूति गर्न पाइएको छैन । यसो हुनुको मुख्य कारण आयुर्वेद क्षेत्रमा राजनीतिक हस्तक्षेप धेरै हुनु हो । दुई⁄चार महिनामै मन्त्री फेरिने र यसले योग्यभन्दा पनि आफ्नो कार्यकर्तालाई ती निकायहरूको जिम्मेवारी दिने प्रवृत्तिले संस्थाहरू दिन प्रतिदिन धराशयी बन्दै गएका छन् ।

आयुर्वेद शिक्षा २०२९ सालभन्दा अगाडि नेपाल सरकारबाट सञ्चालित हुँदाखेरि पूर्वमध्यमा, शास्त्री र आयुर्वेदाचार्यसम्मको पठनपाठन नरदेवीमा नै भएको थियो । वि.सं. २०२९ मा नयाँ शिक्षा ऐन लागू भएपछि इन्स्टिच्युट अफ मेडिसिनअन्तर्गत आयुर्वेदलाई पनि लिएर जाने भनेर नीति ल्याइयो । जुन इन्स्टिच्युट अफ मेडिसिन २०२९ सालमा बनेपछि आचार्यसम्म भएको पठनपाठनलाई तल झारियो । आयुर्वेदको एउटामात्रै विधा नरदेवीमा कायम राखियो भने एलोपेथीको विधा महाराजगञ्जमा सारियो । त्यो बेला आयुर्वेदतर्फ आयुर्वेद तथा जनरल मेडिसिन, एलोपेथीको जनरल मेडिसिन, फार्मेसी, रेडियोग्राफी, नर्सिङसहितका पाँचवटा विधा थियो ।

एलोपेथीतिर अहिले एमबिबिएस गरेपछि पिजी, एमडी, एमएस, डिएमसम्म २९ वटा विधा छन् । आयुर्वेदमा बिएएमएस गरिसकेपछि २२ वटा विधामा एमडी गर्न सकिने व्यवस्था छ तर अहिले काया चिकित्सा भन्ने विषयमा मात्रै एमडी छ । अरू त्यहाँ पठनपाठन छैन । आयुर्वेदमा अन्य विधाहरू सञ्चालन गर्न हामीले निकै प्रयत्न गरियो । नेपालमा आयुर्वेदको जनशक्ति आवश्यकता भए पनि नीतिगतरूपमा नै त्रिभुवन विश्वविद्यालय र नेपाल सरकारले यसका अन्य विधाहरू ल्याउन सकेन ।

नेपाल यति धनी देश हो, जसको समायोजन र व्यवस्थापन राजनीतिकरूपमा हुन सकेन । नेपालमा हिमाल, पहाड तराईमा हुने जडीबुटीहरू प्रशस्त छन् । वनसँग समन्वय गरेर ती जडीबुटीबाट हामीले नेपालभित्रै उद्योगहरू बनाएर आयुर्वेदिक औषधि उत्पादन गर्न सक्छौं । यसका लागि सबैभन्दा पहिला शिक्षा आवश्यक पर्छ ।

राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदनमा पठनपाठन, आयुर्वेद अनुसन्धान, जडीबुटी उत्पादन तथा औषधि निर्माण, शिक्षण चिकित्सालयको पठनपाठन, व्यवस्थापन गर्ने एउटा अध्ययन संस्थानको स्थापना गर्नुपर्छ भन्ने उल्लेख छ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ मा प्रा.डा. बल्लवमणि दाहालको संयोजकत्वमा गठन गरिएको समितिले बुझाएको प्रतिवेदनमा शिक्षा कस्तो हुने भन्ने विषयमा उल्लेख गर्दै आयुर्वेद चिकित्सालयका लागि आवश्यकमध्ये दक्ष र कर्तव्यनिष्ठ विभिन्न स्तरको जनशक्ति उत्पादन गर्न त्रिभुवन विश्वविद्यालयमा तत्कालै र जडीबुटीलाई व्यवस्थित, मर्यादित र आयआर्जन गर्नका लागि अरू क्षेत्रबाट पनि गर्न सकिने प्रावधान राखिएको थियो । त्यसैको आधारमा स्वास्थ्य मन्त्रालयले वीर अस्पताल प्रतिष्ठान र आयुर्वेद प्रतिष्ठान पनि चाहिन्छ भनेर सुरु गरेको कुरा हो ।

सो प्रतिवेदनले आयुर्वेद शिक्षालाई नेपालको जडीबुटीलाई व्यवस्थापन गर्नका लागि इन्स्टिच्युट अफ आयुर्वेदको अवधारणा ल्याएर जाने, इन्स्टिच्युट अफ मेडिसिनले यसलाई समेट्न सकेन भनेर प्रतिवेदनमा उल्लेख गरेको थियो । हामी आयुर्वेद चिकित्सक संघमा रहँदा पनि त्यो विषयलाई जोडतोडका साथ उठायौं वि.सं. २०५० मा प्राध्यापक डा. एलएम (लोकेन्द्रमान) सिंहको संयोजकत्वमा कमिटी बन्यो र त्यो कमिटीले दिएको प्रतिवेदनमा राष्ट्रिय आयुर्वेद चिकित्सा पद्धति भनेर नीति दिएको थियो । त्यो नीति एक⁄डेढ वर्ष त्यतिकै थन्कियो । पछि २०५१ सालमा फेरि सरकार परिवर्तन भएर आएपछि पास भयो ।

तत्कालीन स्वास्थ्यमन्त्री अर्जुननरसिंह केसीको कार्यकालमा आएको नीतिमा सर्वप्रथम शिक्षाको उन्नयनका लागि इन्स्टिच्युट अफ आयुर्वेद बनाउने भनेर लेखिएको छ । पहिले त्रिभुवन विश्वविद्यालयअन्तर्गत बनाउने अनि त्यो सम्पन्न भएपछि दोस्रोमा नेपाल संस्कृत विश्वविद्यालयमा पनि इन्स्टिच्युट अफ आयुर्वेद बनाउने भनेर त्यो नीतिमा स्पष्टरूपमा लेखिएको छ । नेपाल संस्कृत विश्वविद्यालयको इन्स्टिच्युट अफ आयुर्वेद भयो तर त्यहाँ जनशक्तिको अभाव देखियो । अनि त्यो पारित भएको नीतिमा काउन्सिलको कुराहरू छन् । चिकित्सक संघले परिषद् गठन गर्न र नीतिहरू पूरा गर्न दबाब दिएपछि परिषद् गठन भयो । परिषद् आएपछि अहिले पनि परिषद् मौजुदा छ । हामी आयुर्वेदको चिकित्सकहरूको दर्ता पनि त्यही परिषद्मा हुन्छ । त्यो समयमा अति मिहेनत गरेपछि परिषद् आयो र अहिले आयुर्वेद चिकित्सकहरूको दर्ता प्रक्रिया चलिरहेको छ ।

त्यस्तै, इन्स्टिच्युट अफ आयुर्वेद नबनेसम्म जनशक्ति पूरा हुँदैन भन्ने हिसाबले लागिरहयौं तर आयुर्वेद क्याम्पस प्रशासन जसरी लाग्नुपर्ने हो, त्यसरी लाग्न सकेन । त्रिभुवन विश्वविद्यालयमा प्रा. तीर्थ खनियाँ उपकुलपति भएर आएपछि उहाँलाई इन्स्टिच्युट अफ आयुर्वेद गठन गर्न दबाब दियौं । त्यो बेला प्रधानमन्त्री केपी शर्मा ओली र शिक्षामन्त्री गिरिराजमणि पोखरेल हुनुहुन्थ्यो । उहाँहरूले मेरो आफ्नै संयोजकत्वमा कमिटी गठन गर्नुभयो । कमिटीले बुझाएको प्रतिवेदनमा आयुर्वेदमा पनि २२ वटा विषयमा विशेषज्ञता हासिल गर्न सकिन्छ भन्ने विषय उल्लेख थियो ।

काया चिकित्सा (जनरल मेडिसिन आयुर्वेद), पञ्चकर्म (स्वधन चिकित्सा आयुर्वेद), शल्य चिकित्सा (सर्जरी आयुर्वेद), सालक्य मुख तथा दन्त रोग, कौमार भृत्य (बालरोग आयुर्वेद), स्त्री प्रसूति, मनोविज्ञान एवं मानसरोग (साइक्याट्रिक आयुर्वेद), रोग निदान एवं विकृति विज्ञान (ल्याब आयुर्वेद), अगततन्त्र एवं व्यवहार आयुर्वेद, द्रव्यगुण विज्ञान, रसशास्त्र, भैसज्य कल्पना (फार्मेसी), स्वस्थवृत (प्रिभेन्टिभ मेडिसिन आयुर्वेद), शरीर रचना (एनाटोमी आयुर्वेद) आदि गरी २२ वटा विषयको विशेषज्ञता हासिल गर्न सकिने भनेर प्रतिवेदनमा उल्लेख गरेको छ ।

त्यो प्रतिवेदन पारित भएर त्रिभुवन विश्वविद्यालयको सिनेटमा गएपछि त्यसबेलाको शिक्षामन्त्री पोखरेलसँग भेटेर कुरा राख्यौं । त्यतिबेला उहाँले योगमाया आयुर्वेद विश्वविद्यालय बनाउने क्रममा रहेको बताउनुभयो । योगमाया आयुर्वेद विश्वविद्यालयका लागि पनि जनशक्ति पनि चाहिन्छ र त्यो जनशक्ति एकदिनमै तयार नहुने हुँदा आयुर्वेद क्याम्पसले यता तयार गर्दै जान सकिने हाम्रो सुझाव थियो । आयुर्वेदभन्दा बाहिरका आफ्ना गोजीका व्यक्तिलाई समिति र संयोजक बनाएका कारण अहिलेसम्म आयुर्वेद विश्वविद्यालय बन्ने योजना त्यतिकै थन्किन पुग्यो ।

आयुर्वेदको शिक्षाको नियोजन गरेर कसैलाई पनि फाइदा भएको छैन । अहिले आयुर्वेदमा पनि २२ वटा विषयमा विशेषज्ञता छ र आयुर्वेद परिषद्मा पनि विभिन्न १५ वटा विषयका आयुर्वेद चिकित्सकहरू दर्ता भएर कार्यरत छन् । ती सबै विषयको अध्ययन यहाँ नेपालमा छैन । नेपालमा बिएएमएस र काया चिकित्सामा एमडी आयुर्वेदको पढाइ भएको छ । बाँकी विषयमा बाहिर गएर पढेर आएर यहाँ दर्ता भएका छन् । म आयुर्वेद परिषद्को पनि अध्यक्ष र आयुर्वेद क्याम्पसको विभागीय प्रमुखको साथै आयुर्वेद क्याम्पस सञ्चालक समितिको अध्यक्ष रहेको बेला भारतलाई पत्र लेखेर हाम्रो कोर्शलाई आधिकारिता प्रदान गरिदेऊ, हाम्रा विद्यार्थीले पढ्न पाएनन् भन्यौं । काउन्सिलले पत्र लेखेपछि डिन कार्यालयले भारत सरकार र काउन्सिललाई पत्र पठायो । आयुर्वेदप्रति भारत पनि सकारात्मक भएको कारणले अहिले आयुर्वेदको १५ विषयमा पिजी गर्ने व्यवस्था भारतमा छ र त्यहाँ पढेर आएपछि यहाँ दर्ता पनि छन् तर त्यो चीज हामीले यहाँ किन गर्न नसक्ने ? त्यसो भएको हुँदा यो विषयलाई उठान गर्नुपऱ्यो भन्ने लागेको हो ।

अहिले विशेष गरेर क्याम्पसले यस विषयलाई उठान गरेर लिएर जानसक्ने अवस्था र वातावरण देखिँदैन । यतिबेला आयुर्वेद क्याम्पस प्राध्यापकविहीन छ । यहाँ भएका प्राध्यापकहरू सेवानिवृत्त भए । अब अहिले त्यहाँ भएका जनशक्ति राजनीतिक दलका कार्यकर्ता जस्ता भएका छन् । सबैले आफू अमुक दलका हो भनेर जाने गरेका छन् । शैक्षिक क्षेत्रमा त्यसरी राजनीतिक कार्यकर्ता भएर चल्दैन । शैक्षिकरूपमा तटस्थ भएर काम गर्नुपर्ने हुन्छ । २०५९⁄६० सालतिर इन्स्टिच्युट अफ आयुर्वेद हुन नसक्ने अवस्थामा हामीले यता वीर अस्पताल प्रतिष्ठान बन्नसक्छ भने आयुर्वेद प्रतिष्ठान किन नबन्ने भन्ने अवस्थामा मन्त्रालयमा कुरा उठिसकेपछि मन्त्रालयले एउटा प्रस्तावना राष्ट्रिय आयुर्वेद प्रतिष्ठानको अवधारणाको लेख्नका लागि तयारी गऱ्यो ।

प्रस्तावना लेखियो, तयार पनि भयो, त्यसलाई पास पनि गरियो । आयुर्वेद प्रतिष्ठान खोल्ने भनी आधिकारिक निर्णय पनि भयो तर त्यो थन्किएर बस्यो । नरदेवी आयुर्वेदिक चिकित्सालयमा राख्नेगरी निर्णय पनि भएको थियो । किनभने प्रतिष्ठान बनाउनका लागि अस्पताल आवश्यक पर्छ, त्यसैले नरदेवीमा राख्ने निर्णय पनि भयो । त्यसको समन्वय आयुर्वेद क्याम्पस, आयुर्वेद रिसर्च सेन्टर, सिंहदरबार वैद्यखानासँग गर्ने भन्ने अवधारणामा त्यसलाई पास गरियो तर कार्यान्वनमा आएको छैन । जनशक्ति पनि नेपालका लागि आवश्यक छ । यसका लागि धेरै ठूलो भौतिक पूर्वाधारको निर्माणतर्फ पनि जानु पर्दैन ।

वीर अस्पतालको पूर्वाधारलाई लिएर प्रतिष्ठान बनेको छ । जुम्ला, पोखरा, धरानलगायत धेरै ठाउँमा यस्ता प्रतिष्ठानहरू बनेका छन् । त्यही अभ्यासका आधारमा आयुर्वेदको दक्ष जनशक्ति तयार गर्नका लागि आयुर्वेदका सबै क्षेत्रलाई लिएर आयुर्वेद प्रतिष्ठान स्थापना गरेर अगाडि बढ्न आवश्यक छ । अहिले कुनै दाग नलागेको र धेरैले आशा गरेको व्यक्ति प्रदीप पौडेल स्वास्थ्यमन्त्री बन्नुभएको छ । उहाँले यसतर्फ ध्यान दिएर मुलुकलाई फाइदा पुग्ने निर्णय गर्नुहुनेछ भन्ने विश्वास धेरैको छ । त्यसका लागि जस्तोसुकै सहयोग गर्न तयार छौं । अहिलेको मौजुदा जनशक्तिबाट पनि यो काम गर्न सम्भव छ ।

आयुर्वेद शिक्षाकै कुरा गर्दा योगमाया आयुर्वेद विश्वविद्यालय बनाउने कुरा पनि त्यतिकै सेलाएर गरेको छ । भारतमा स्वास्थ्यलाई चाहिने जनशक्ति स्वास्थ्यले नै तयार गरेको छ । आयुर्वेद विभागले पनि आयुर्वेदतर्फको जनशक्ति सबै जिल्लामा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र छन्, प्रत्येक पालिकामा आयुर्वेद औषधालयहरू राख्ने कार्यक्रम थियो । ती ठाउँमा पनि जनशक्ति राख्नुपर्ने हुन्छ । प्रतिष्ठान सञ्चालनका लागि आयुर्वेद विभागले पनि यसलाई पहल गर्नुपर्ने आवश्यकता छ । आयुर्वेदमा दक्ष जनशक्ति नभई सेवा हुँदैन ।



अर्को पाटो सिंहदरबार वैद्यखानाको छ । नेपालको जडीबुटीहरू नेपालमै उद्योग स्थापना गरेर जानुपर्ने हुन्थ्यो । वैद्यखानामा समिति भएर काम हुँदा त्यसले जति राम्रो काम गऱ्यो त्यहाँ बाहिरबाट मान्छे खोजेर लिएर जाँदाखेरि त्यो काम गर्न सकेन । यस्ता ठाउँहरूमा विज्ञ व्यक्ति पठाउनुपर्छ, मन्त्रीको गोजीबाट पठाउने होइन । विषय विज्ञलाई उसको कार्यकालसम्म राजनीतिक हस्तक्षेप नगरी उसको कार्यकुशलता देखाउने अवस्था सिर्जना गर्नुपर्छ । त्यहाँ भएका उपकरण खिया लागेर गइसके, अहिले औषधि बन्दैन । सिंहदरबार वैद्यखाना हाम्रो इतिहास हो, दक्षिण पूर्वी एसियाको जेठो संस्था हो । झन्डै तीन सय ७५ वर्षभन्दा पुरानो संस्था हो । यो संस्थाको साख राख्न त्यहाँ विषयविज्ञ लगेर सञ्चालन गराउनुपर्छ ।

नेपालमा भएका जडीबुटीहरू सरकारले संकलन गरेर औषधिका रूपमा उपयोगमा ल्याउनुपर्छ । अहिले नेपालको वनबाट पूर्वमा संकलन भएका जडीबुटी भारतको पटनामा जाने गरेको छ । त्यहाँ ठूलो संग्रहालय छ । त्यहाँ हिमालबाट बनेको जडीबुटी भनेर राखिएको छ ।

त्यस्तै, नेपालको पश्चिमतिर संकलन भएका जडीबुटीहरू दिल्लीको लालकिल्लाको पश्चिमपट्टि खारीबोली भन्ने ठाउँमा राखिएका छन् । नेपालमा भएका जडीबुटीहरू उखेलेर भारततर्फ पुऱ्याइएको छ । जंगलमा कुरिलो खोज्दा अहिले नपाउने अवस्था छ । कुरिलोबाट साह्रै तागतिलो औषधि बन्छ, विशेषगरी बूढाबूढीले खाने औषधि बन्छ । अहिले यहाँ हामीकहाँ तरकारी खाने कुरिलो छ तर औषधीय गुणले भरिएको जमिनमुनिको जरा खाने कुरिलो लोप हुने अवस्थामा पुगिसकेको छ । अझै पनि नेपालका हिमाली, पहाडी र तराई क्षेत्रमा धेरै जडीबुटीहरू छन् । अहिलेको बजेटमा कस्तुरीपालनको कुरा आएको छ, यो भने निकै राम्रो कुरा हो । म वैद्यखानामा छँदा हिमाली क्षेत्रमा कस्तुरीपालन गर्नुपर्छ भनेर जग्गा खोजिएको थियो ।

नेपालको जडीबुटीलाई प्रशोधन गर्न भारतसँग गुहार माग्नु पर्दैन । अहिले रामदेवसँग गुहार मागिएको छ । उनले यहाँ कस्तो अवस्था बनाएका छन् त्यो सरकाले बुझ्दैन । एउटा विदेशी आयो भने त्यसलाई काँध चढाएर हिंड्ने नेताहरूले हामी नेपालीहरूमा कसको खुबी के छ, कसले के गर्न सक्छ भनेर खोज्न नसक्ने भएका छन् । स्वाभिमान मान्छे मलाई यो चाहियो भनेर हिंड्दैन । ज्ञान र सीप भएका व्यक्तिलाई सरकारले खोजेर काम लिन सक्नुपर्छ, तबमात्रै आयुर्वेदको क्षेत्रमा परिवर्तन आउन सक्छ । *रासस*

*(आयुर्वेद चिकित्सा विज्ञानका विज्ञ प्रा.डा. सापकोटासँग राससका परासी समाचारदाता टेकराज पोखरेलले गरेको कुराकानीमा आधारित)*

नेपालको जडीबुटीलाई प्रशोधन गर्न भारतसँग गुहार माग्नु पर्दैन । अहिले रामदेवसँग गुहार मागिएको छ । उनले यहाँ कस्तो अवस्था बनाएका छन् त्यो सरकाले बुझ्दैन । एउटा विदेशी आयो भने त्यसलाई काँध चढाएर हिंड्ने नेताहरूले हामी नेपालीहरूमा कसको खुबी के छ, कसले के गर्न सक्छ भनेर खोज्न नसक्ने भएका छन् । स्वाभिमान मान्छे मलाई यो चाहियो भनेर हिंड्दैन । ज्ञान र सीप भएका व्यक्तिलाई सरकारले खोजेर काम लिन सक्नुपर्छ, तबमात्रै आयुर्वेदको क्षेत्रमा परिवर्तन आउन सक्छ ।

# घरघरमा धारा जोडिएपछि दलित बस्तीमा राहत



■ दिपेन्द्र कार्की बस्ताकोटी

**दैलेख–** दुल्लु नगरपालिका-१ तल्लो डुंगेश्वरको दलितबस्तीमा खानेपानी योजना पूरा भएसँगै यहाँका स्थानीयले राहत महसुस गर्न पाएका छन् । खानेपानीको अभावले वर्षौंदेखि पिरोलिएको उक्त बस्तीमा विभिन्न संघसंस्थाको सहयोगमा बृहत् खानेपानी आयोजना सम्पन्न भएको हो । नगरपालिकाको सहजीकरणमा सोसेक नेपालको हेल्वेटास, युनिसेफ र गल्स मेटर परियोजनामार्फत सञ्चालित उक्त आयोजनाबाट अहिले प्रत्येक घरमा धारा निर्माण गरी शुद्ध खानेपानी वितरण गरिएको छ ।

सुर्खेत-जुम्ला कर्णाली राजमार्गसँगै रहेको यस बस्तीका बासिन्दा खोलाकै पानी खाना बाध्य थिए । कर्णाली नदी र लोहोरे खोलाको संगमस्थलमा भए पनि उनीहरूले शुद्ध खानेपानीको उपभोग गर्न पाएका थिएनन् । रूपमाखोलाको पानी पिउन बाध्य उनीहरूले यो आयोजनाबाट राहतको अनुभूति गर्न पाएको बताएका छन् । मिश्रित दलित समुदायको रूपमा रहेको बस्तीमा 'एक घर, एक धारा' अभियानले सार्थकता पाएको हो । खानेपानीको धारामा पानी भर्दै गरेकी ५५ वर्षीया जैसरा दमाई भन्छिन्, 'हामी अहिलेसम्म यही खोलाको पानी खाएर बाँचेका थियौं । खोलामा भेलबाढी आउँदा धमिलो पानी खानुको विकल्प थिएन । अब भने सोसेक नेपालले धारा बनाइदियो पानी ल्याइदियो, खुसी छौं ।'

सोही बस्तीकी रीता परियारको खुसी पनि उस्तै छ । 'हुन त हामीदुई खोलाको बीचमा छौं तर पनि ओभानो छौं । पानी जति पनि छ तर खानमिल्ने छैन । खानेपानीको योजना आएपछि खुसी छौं,' उनले भनिन् ।

तल्लोडुंगेश्वर बजार क्षेत्रबाट करिब पाँच किलोमिटरको दूरीबाट सञ्चालित भुवाचौर तल्लोडुंगेश्वर खानेपानी योजना सम्पन्न भएसँगै दलित बस्तीमा खानेपानीको सुविधा पुगेको हो । दुईवटा ठूला टयांकी निर्माणसँगै एक लाइनबाट बजारक्षेत्र र अर्को लाइनबाट दलित बस्तीमा खानेपानीको आपूर्ति गरिएको छ । जसबाट १०९ घरमा 'एक घर, एक धारा' अभियान सम्पन्न हुनुका साथै स्वच्छ खानेपानीको आपूर्ति गरिएको सोसेक नेपाल हेल्वेटास परियोजनाले जनाएको छ ।

बृहत गुरुयोजनामार्फत ७० लाख रूपैयाँ लगानीमा खानेपानी वितरण गरिएको हेल्वेटास नेपालका फिल्ड संयोजक महेन्द्र अधिकारीले बताए । शुद्ध खानेपानीको व्यवस्थासँगै यहाँका बासिन्दाको जीवनस्तर सुधारमा सहयोग पुग्ने अपेक्षा उनले व्यक्त गरे ।

### नरैनापुर र सोनारीवासीको पीडा

# बस्तीमा बाढी पस्ने डरले निदाउन सक्दैनन्

**राँझा (बाँके)–** तीन दिनदेखि जारी बर्सातले राप्ती नदीमा बाढीको सतह बढ्दै जाँदा बाँकेको राप्ती सोनारी र नरैनापुरवासीको निद्रा हराएको छ । 'विगतमा बाढी रोकथामका लागि लगाइएको तटबन्ध भत्किएर बगिसक्यो, राप्ती नदी अब कटान गर्दै गाउँतिर सोझिएको छ,' राप्ती सोनारी-७ खल्लाझगडियाका शंकर यादवले भने, 'ठूलो बाढी आयो भने गाउँमा पसेर बगाउँछ भन्ने चिन्ताले बर्सातको समयमा राम्ररी निदाउन पनि सकिन्न ।'

दिउँसो नदीमा बाढी आएको थाह हुने भए पनि रातिमा धेरै समस्या हुने यादवको भनाइ छ । तटबन्ध नहुँदा राप्तीको तल्लोतटीय क्षेत्रमा पर्ने राप्ती सोनारी र नरैनापुर गाउँपालिकाको खेतीयोग्य जमिन नदीले दिनहुँजसो कटान गरिरहेको छ । अहिलेसम्म सयौं बिघा खेतीयोग्य जमिन नदी कटानमा परिसकेको छ ।

राप्ती नदीबाट बस्ती जोगाउन गरिएको तटबन्ध दुई वर्षअघि आएको बाढीले भत्काएपछि यतिबेला शंकरमात्र नभई राप्ती सोनारी-७ मा पर्ने देउपुर्वा, खल्ला झगडिया, ननकौपुर, पिप्रहवा र नरैनापुर गाउँपालिकामा पर्ने कुदरबेटवा, जमुनी, गंगापुर, सोनवर्षालगायत गाउँका करिब एक हजार परिवार राम्रोसँग निदाउन नसकेको पिप्रहवा गाउँ निवासी दुर्गाप्रसाद पाण्डेले बताए । 'दिउँसोको समयमा बाढी आए भागदौड गर्न सकिएला तर रातको समयमा आए हाम्रो ठूलो धनजनको क्षति हुने भएकाले राज्यले ध्यान दिन जरुरी छ,' उनले भने, 'तटबन्ध भत्किएको दुई वर्ष भइसक्दा पनि राज्यले हाम्रो समस्यालाई गम्भीररूपले नलिएको हुँदा थप चिन्तित छौं ।'

सांसद सूर्य ढकाल, बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजाल, जिल्लास्थित सुरक्षा निकायका प्रमुखलगायत विभिन्न दलका नेताले निरीक्षण गरे पनि अहिलेसम्म काम अगाडि बढ्न नसकेकामा स्थानीयवासी चिन्तित छन् । 'सांसददेखि जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरूले निरीक्षण गरेर फर्किनुभयो तर अहिलेसम्म काम अगाडि बढ्न सकेको छैन । बेलैमा काम अगाडि नबढे धेरै क्षति हुने निश्चित छ,' नरैनापुर-६ गंगापुरका अगुवा सोहनलाल यादवले भन्नभयो, 'डुबानबाट बस्ती जोगाई दिन हामीले सबैसँग हारगुहार गऱ्यौं तर हाम्रो दुःख राज्यले सुनेन ।'

राप्ती नदीको कटान नियन्त्रण गर्न निर्माण भएको तटबन्ध भत्काएर नदीले सडक कटान गरे पनि यसको रोकथामका लागि राज्यले अहिलेसम्म कुनै चासो नदिएको यादवले बताए । राज्यले बेलैमा तटबन्ध निर्माण नगर्दा राप्ती सोनारी गाउँपालिका-६ र ७ र नरैनापुर गाउँपालिकावासी ६० हजार बढी नागरिक डुबानको उच्च जोखिममा रहेको उनको भनाइ छ । डुडुवा गाउँपालिकाको होलिया बेतहनी क्षेत्रमा डुबान कटान गर्दै आएको राप्ती नदीले दुई वर्षअघि धार परिवर्तन गरी खल्लाझगडियामा निर्माण गरिएको अस्थायी तटबन्ध भत्काएपछि राप्ती सोनारी र नरैनापुरका गाउँबस्ती डुबानको जोखिममा परेको सांसद ढकालले बताए । खल्लाझगडियामा राप्ती नदीले तीव्ररूपमा कटान गरिरहेकाले ठूलो विपत्ति निम्त्याउन सक्ने अवस्थालाई तत्कालका लागि अस्थायी तटबन्ध निर्माणका लागि राज्यको ध्यानाकर्षण गराएको उनको भनाइ छ । *रासस*


## बर्दगोरिया गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
मुडा, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

**ठेक्का नं.0१/BRM/SQ/G/२0८१/२0८२ को बोलपत्रको आशय सम्बन्धि सूचना**

प्रकाशित मिति २०८१/०४/२५ गते

यस बर्दगोरिया गाउँपालिका कार्यालयको आ.व. २०८१/०८२ अर्न्तगत ठेक्का न. 01/BRM/SQ/G/2081/2082(Kabadi Samanko Nikashi Sulka Bardagoriya Rural Municipality) कार्यका लागि मिति २०८१/०३/२६ गतेका अनलाइन माध्यमबाट बोलपत्रमा प्रकाशित सूचना अनुसार तपसिलमा उल्लेखित वोलपत्र अधिकतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राहि देखिन आएकोले उल्लेखित बोलपत्र स्वीकृतका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ र २ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का न. | निमार्ण फर्म/कम्पनी | कबोल रकम |
|---|---|---|
| 01/BRM/SQ/G/2081/2082 | श्री SHREE MANGALASAINI BUILDERS AND SUPPLIERS Lamkichuha- 06.kailali | १४,९३,६१८।१८ (मु.अ.क. सहित) |

प्रमुख प्रशासकीय अधिकृत



## CUREX PHARMACEUTICALS PVT. LTD.
(A WHO-GMP, An ISO 9001:2008, An ISO 14001:2004 Certified company)

**सार्वजनिक जानकारीको लागि सूचना जारी गरिन्छ**

यस क्युरेक्स फर्मास्युटिकल्स प्रा. लि. बाट उत्पादित औषधिहरुको निम्नानुसारको बजार दररेट तथा बिक्रि मूल्य निर्धारण गारि यो दररेट राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गारिएको छ, यदि यी औषधिहरु कुनै संघ संस्था वा नेपाल सरकार अन्तर्गत का कार्यालयले खरिद गार्नु परेमा यस कम्पनीका आधिकारिक बिक्रेता श्री न्युट्रोन इन्टरनेसनल प्रा. लि. बुढानिलकन्ठ, काठमाडौं भ्याट नम्बर : ६१९७८७१५२ भएका काठमाडौं संग खरिद गार्नुहुन यो सूचना प्रकाशित गारिएको छ ।

**CUREX PHARMACEUTICAL'S PRODUCT RATE LIST (FY: 2081-2082)**

neutronnationalpvt.ltd@gmail.com, kcbikash777@gmali.com, 9851083605

| SN | Generic Name | MRP | Sales Price |
|---|---|---|---|
| 1 | Acyclovir 200 | 10 | 8.6 |
| 2 | Acyclovir 400 | 20 | 17.2 |
| 3 | Acyclovir 5g Cream | 80 | 68.8 |
| 4 | Albendazole 400 | 10 | 8.6 |
| 5 | Albendazole Susp | 18 | 15.48 |
| 6 | Alprazolam 0.25mg | 1.7 | 1.46 |
| 7 | Alprazolam 0.50mg | 3.4 | 2.92 |
| 8 | Amitriptyline 10mg | 2.4 | 2.06 |
| 9 | Amitriptyline 25mg | 3.8 | 3.27 |
| 10 | Amlodipine + Losartan pottassium L 27.5mg | 6 | 5.16 |
| 11 | Amlodipine + Losartan pottassium L 55mg | 12 | 10.32 |
| 12 | Amlodipine 10 | 8 | 6.88 |
| 13 | Amlodipine 5mg | 5 | 4.3 |
| 14 | Amlodipine2.5mg | 2.3 | 1.98 |
| 15 | Amoxycillin 125mg | 3 | 2.58 |
| 16 | Amoxycillin 250mg | 5 | 4.3 |
| 17 | Amoxycillin 500mg | 8 | 6.88 |
| 18 | Amoxycillin 60ml Dry syrup | 80 | 68.8 |
| 19 | Amoxycillin 90ml Dry syrup | 110 | 94.6 |
| 20 | Anticold Susp | 60 | 51.6 |
| 21 | Antacid Gel | 121 | 104.06 |
| 22 | Antacid Tab | 3 | 2.58 |
| 23 | Anticold Tab | 3 | 2.58 |
| 24 | Atenolol 100 | 6 | 5.16 |
| 25 | Atenolol 25 | 2.2 | 1.89 |
| 26 | Atenolol 50 | 4 | 3.44 |
| 27 | Atorvastatin 10mg | 10.78 | 9.27 |
| 28 | Atorvastatin 20mg | 20.6 | 17.72 |
| 29 | Atorvastatin 5mg | 6.75 | 5.81 |
| 30 | Azithromycin 100mg Susp | 110 | 94.6 |
| 31 | Azithromycin 200mg Susp | 160 | 137.6 |
| 32 | Azithromycin 250mg | 17.45 | 15.01 |
| 33 | Azithromycin 500mg | 30 | 25.8 |
| 34 | Benzoic acid + Salicyclic acid 30g | 65 | 55.9 |
| 35 | Calamine 100ml | 110 | 94.6 |
| 36 | Calamine 30ml | 45 | 38.7 |
| 37 | Calcium 500mg Tab | 6 | 5.16 |
| 38 | Calcium Susp | 100 | 86 |
| 39 | Cefixime 100mg | 16 | 13.76 |
| 40 | Cefixime 200mg | 20 | 17.2 |
| 41 | Cefixime 400mg | 50 | 43 |
| 42 | Cefixime 60ml Syrup | 180 | 154.8 |
| 43 | Cefpodoxime 200mg | 25 | 21.5 |
| 44 | Cefpodoxime 60ml Syrup | 170 | 146.2 |
| 45 | Cetirizine HCL 10mgTab | 4 | 3.44 |
| 46 | Cetirizine HCL Susp | 55 | 47.3 |
| 47 | Chloramphenicol 500 Cap | 14 | 12.04 |
| 48 | Chloramphenicol Syrup | 100 | 86 |
| 49 | Chlorpheniramine Maleate 4mg | 1.5 | 1.29 |
| 50 | Ciprofloxacin 250mg | 6 | 5.16 |
| 51 | Ciprofloxacin 500mg | 8 | 6.88 |
| 52 | Clotrimazole Cream 15g Tube | 55 | 47.3 |
| 53 | Clotrimazole Pessary Tab | 11 | 9.46 |
| 54 | Clotrimazole Vaginal Gel | 80 | 68.8 |
| 55 | Cloxacillin Sodium 250mg | 5 | 4.3 |
| 56 | Cloxacillin Sodium 500mg | 13 | 11.18 |
| 57 | Cloxacillin Sodium Dry Syrup | 130 | 111.8 |
| 58 | Diclofenac 30gm Gel | 100 | 86 |
| 59 | Diclofenac 50mg Tab | 4 | 3.44 |
| 60 | Diclofenac Mouth Wash 100ml | 110 | 94.6 |
| 61 | Domperidone 10mg Tab | 5 | 4.3 |
| 62 | Domperidone Susp | 50 | 43 |
| 63 | Esomeprazole 20 Mg | 5 | 4.3 |
| 64 | Esomeprazole 40Mg | 11 | 9.46 |
| 65 | Emagliflozin 25 | 30 | 25.8 |
| 66 | Ferrous Salt + Folic acid (Iron) Tab | 3 | 2.58 |
| 67 | Fexofenadine 120 | 11 | 9.46 |
| 68 | Fexofenadine 180 | 16 | 13.76 |
| 69 | Fexofenadine Susp | 150 | 129 |
| 70 | Fluconazole 150mg | 24 | 20.64 |
| 71 | Folic acid 5mg Tab | 2.25 | 1.94 |
| 72 | Frusemide 40mg | 1.5 | 1.29 |
| 73 | Gamma Benzene Hexachloride 60ml | 75 | 64.5 |
| 74 | Glimepiride 1mg | 4 | 3.44 |
| 75 | Hand Sanitizer Gel 100 | 140 | 120.4 |
| 76 | Hand Sanitizer Gel 200 | 300 | 258 |
| 77 | Hand Sanitizer Gel 5 Ltr | 3500 | 3010 |
| 78 | Hand Sanitizer Gel 500 | 465 | 399.9 |
| 79 | Hand Sanitizer Liquid 100ml | 125 | 107.5 |
| 80 | Hand Sanitizer Liquid 200ml | 250 | 215 |
| 81 | Hand Sanitizer Liquid 5 Ltr | 3000 | 2580 |
| 82 | Hand Sanitizer Liquid 500ml | 450 | 387 |
| 83 | Hydrochlorothiazide 12.5 Mg | 1.25 | 1.08 |
| 84 | Hydrochlorothiazide 25 Mg | 3 | 2.58 |
| 85 | Hyoscine Butyl Bromide 10mg | 12 | 10.32 |
| 86 | Hyoscine Butyl Bromide 20mg | 28 | 24.08 |
| 87 | Ibuprofen 200mG | 2 | 1.72 |
| 88 | Ibuprofen 400mG | 4 | 3.44 |
| 89 | Iron (III) hydroxide polymaltose & Folic Acid Tablets IP | 8 | 6.88 |
| 90 | Iron (III) hydroxide polymaltose Syrup IP | 140 | 120.4 |
| 91 | Iron Cap | 4.5 | 3.87 |
| 92 | Iron Syrup 200ml | 140 | 120.4 |
| 93 | Itraconazole | 40 | 34.4 |
| 94 | Levocetirizine Susp | 65 | 55.9 |
| 95 | Levocetirizine Tab | 6 | 5.16 |
| 96 | Losartan Potassium 25 | 4.41 | 3.79 |
| 97 | Losartan Potassium 50 | 7.6 | 6.54 |
| 98 | Montelukast 10mg + Levocetrizine 5mg | 20 | 17.2 |
| 99 | Metformin 500mg | 2 | 1.72 |
| 100 | Metformin 850mg | 3.5 | 3.01 |
| 101 | Metformin 500mg + Sitagliptin 50mg | 26 | 22.36 |
| 102 | Metformin 850mg + Sitagliptin 50mg | 27 | 23.22 |
| 103 | Metformin 1000mg + Sitagliptin 50mg | 29 | 24.94 |
| 104 | Metformin 1000mg + Glimepiride 1mg | 11 | 9.46 |
| 105 | Metronidazole 200mg | 2 | 1.72 |
| 106 | Metronidazole 400mg | 3 | 2.58 |
| 107 | Metronidazole 60ml Susp | 80 | 68.8 |
| 108 | Mefenamic Acid | 5 | 4.3 |
| 109 | Multivitamin Cap | 4 | 3.44 |
| 110 | Nimesulide Gel | 90 | 77.4 |
| 111 | Nimesulide Tab | 3 | 2.58 |
| 112 | Ofloxacin 100 | 5.5 | 4.73 |
| 113 | Ofloxacin 200 | 7 | 6.02 |
| 114 | Ofloxacin 400 | 8 | 6.88 |
| 115 | Ofloxacin Susp | 90 | 77.4 |
| 116 | Omeprazole 20mg | 4 | 3.44 |
| 117 | Ondansetron 4mg | 7 | 6.02 |
| 118 | Ondansetron 8mg | 10 | 8.6 |
| 119 | Ondansetron Susp | 70 | 60.2 |
| 120 | ORS | 10 | 8.6 |
| 121 | Pantoloc DSR | 17.5 | 15.05 |
| 122 | Pantoprazole 40mg Tab | 8 | 6.88 |
| 123 | Paracetamol 125 60ml Susp | 30 | 25.8 |
| 124 | Paracetamol 500mg | 1 | 0.86 |
| 125 | Paracetamol Drop | 30 | 25.8 |
| 126 | Paracetamol & Caffeine Tablets | 2.5 | 2.15 |
| 127 | Paracetamol & Ibuprofen suspension | 30 | 25.8 |
| 128 | Paracetamol & Ibuprofen tablets | 2 | 1.72 |
| 129 | Povidone Iodine 10% 100ml | 170 | 146.2 |
| 130 | Povidone Iodine 10% 30ml | 70 | 60.2 |
| 131 | Povidone Iodine 10% 450ml | 450 | 387 |
| 132 | Povidone Iodine 10% 60ml | 100 | 86 |
| 133 | Povidone Iodine 5% 100ml | 100 | 86 |
| 134 | Povidone Iodine 5% 15gm Oint | 50 | 43 |
| 135 | Povidone Iodine 5% 30ml | 45 | 38.7 |
| 136 | Povidone Iodine 5% 450ml | 275 | 236.5 |
| 137 | Povine Gargle 100 ml | 110 | 94.6 |
| 138 | Povine Gargle 60 ml | 65 | 55.9 |
| 139 | Pregabalin 150 | 23 | 19.78 |
| 140 | Pregabalin 75 | 16.5 | 14.19 |
| 141 | Pregabilin -75, Methylcobalamine 1500 | 33 | 28.38 |
| 142 | Pregabilin -75, Methylcobalamine 750 | 22 | 18.92 |
| 143 | Ranitidine HCL 150Mg | 3 | 2.58 |
| 144 | Ramipril 10 mg Tab | 15.5 | 13.33 |
| 145 | Rosuvastatin 10 | 17 | 14.62 |
| 146 | Rosuvastatin 20 | 35 | 30.1 |
| 147 | Salbutamol 4mg Tab | 2 | 1.72 |
| 148 | Salbutamol 100ml Syrup | 55 | 47.3 |
| 149 | Silver Sulphadiazine Cream 15gm | 75 | 64.5 |
| 150 | Sulpha + Trimeh 480mg | 4 | 3.44 |
| 151 | Sulpha + Trimeh 960mg | 6 | 5.16 |
| 152 | Sulpha + Trimeh Susp | 70 | 60.2 |
| 153 | Tinidazole 1000 | 11 | 9.46 |
| 154 | Tinidazole 500 | 5 | 4.3 |
| 155 | Vitamin B Complex 100ml Syrup | 90 | 77.4 |
| 156 | Vitamin B Complex 200ml Syrup | 150 | 129 |
| 157 | Vitamin B Complex Tab | 5 | 4.3 |
| 158 | Vitamin B Complex With Zinc Cap | 6 | 5.16 |
| 159 | Vitamin D 60K | 45 | 38.7 |
| 160 | Vitamin E 400 | 8 | 6.88 |
| 161 | Zinc 20mg Tab | 5 | 4.3 |
| 162 | Chlorhexgel 3gm | 30 | 25.8 |
| 163 | Chlorhexgel 5gm | 35 | 30.1 |
| 164 | Neomycin Cream 15 gm | 45 | 38.7 |

प्रभाव दैनिक

रूपशाला


शुक्रबार, २५ साउन २०८१ (Friday, August 09, 2024)

## फिल्म 'नरसिंहा: अवतार' बनाउँदै दिवाकर

निर्देशक दिवाकर भट्टराई निर्देशन गर्न लागेको आगामी फिल्म 'नरसिंहा: अवतार'को निर्माण घोषणा गरिएको छ । निर्माण पक्षले फिल्मको घोषणा गरिएसँगै थिम पोस्टर पनि सार्वजनिक गरेको छ । थिम पोस्टरले युद्धको संकेत गरेको छ । थिम पोस्टरमा रातो र निलो रङ प्रयोग छ । दायाँमा रातो (आगो) र दायाँतर्फ निलो समु􏰀को रङ छ । यसले फिल्मको कथा युद्ध र शान्तिको हुने संकेत गरेको छ । साथै पोस्टरमा नरसिंहाको उग्र अवतार छ । नरसिंहाको अर्थ, भगवान् विष्णुको उग्र अवतार हो ।




# 'नम्बरी सुन'मा खनालको यो रूप



■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता सरोज खनाल भोलिबाट रिलिज हुने फिल्म 'नम्बरी सुन'मा मुखिया चरित्रमा देखिँदैछन् । उनको अनुभवमा 'पञ्चायत', 'मोदीबेनी'मा निभाएका यस्तै चरित्र भन्दा 'नम्बरी सुन'को चरित्र फरक छ ।

'नम्बरी सुन'मा मेरो युवावस्थादेखि वृद्धावस्थासम्मको गेटअप छ । अघिल्ला फिल्ममा मलाई बुढो मुखियाका रूपमा देखाइएको थियो । तर नम्बरी सुनमा फरक युवा गेटअपमा देखिन्छ', सरोज भन्छन् ।

'नम्बरी सुन'मा आफ्नो चरित्र क्रुर नभएको सरोजको भनाई छ । 'मेरो क्यारेक्टर सुरुमै क्रुर छैन । फिल्ममा मुखियाको एउटा मायालु परिवार छ । उसले परिवारसँगै गाउँका सबैलाई माया गर्छ । फिल्मले सुन बनाउन आउनेको इतिहास बोल्छ । सुन बनाउने कामको सुरुवात मेरै घरबाट हुन्छ', सरोज भन्छन्, 'विस्तारै कथा अगाडि बढ्दै गएपछि समय र परिस्थितिले उसलाई केही क्रुर पनि बनाउँछ । फिल्ममा म कमलो हृदयको मान्छे पनि छु । ट्रेलरमा हेर्नुभयो होला कि म ३,४ ठाउँ नराम्ररी रोएको छु । क्रर मान्छे त्यसरी कहिल्यै पनि रुँदैन ।'

सरोजका अनुसार 'रियल'मा आफू मुखिया जस्तो नदेखिए पनि 'रिल'मा भने त्यस्तो क्यारेक्टर निभाउँदा उनलाई मज्जा लाग्दो रहेछ । 'कलाकारको पहिचान भनेकै त्यही हो । अब जस्तो देखिन्छु, त्यस्तै देखाउनु, त्यस्तै गर्नु, अथवा मलाई सजिलो हुने जनराको फिल्ममात्रै मैले गर्नु भनेको त म कलाकार नै होइन नि', उनी भन्छन् ।

सरोजको अनुभवमा उनीसँग कतिपय निर्देशक रिसाएका रहेछन् । 'म काम गरेको हिसाबले न्याय दिने कोशिस गर्छु । कति निर्देशक मसँग रिसाउनु पनि हुन्छ । यो मान्छेलाई लियो भने त्यहाँ ओभरटेक गर्न खोज्छ भन्ने उहाँहरूको बुझाई छ', सरोज भन्छन्, 'हामी भलै क्यारेक्टर रोल गरिरहेका छौं, तर त्यो क्यारेक्टर यस्तो क्योक्टर हो, जसले मेन क्यारेक्टरलाई बुस्ट अप गर्छ । हामी नभई त्यो मान्छे फिल्मको मेन क्यारेक्टर हुनै सक्दैन । हामी लुज भयौं भने फिल्म पुरै लुज हुन्छ । फिल्ममा काम गरेको झण्डै ४० वर्ष भइसक्यो । कस्तो गर्दा राम्रो हुन्छ भनेर कसैले सल्लाह लिनुहन्छ भने दिइन्छ । हैन 'मेरै गोरुको बाह्रै टक्का' भन्ने निर्देशक पनि हुनुहुन्छ, उहाँहरूले जे भन्नुन्छ त्यो पनि गर्दिन्छु ।'

सरोजलाई फिल्म 'पञ्चायत' बिग्रिएकोमा धेरै चित्त दुखेको रहेछ । 'केही फिल्म व्यापक तरिकाले खिच्न पाएको भए अझ राम्रो हुन्थ्यो कि जस्तो लाग्छ । यसमा पञ्चायत पनि पर्छ । यो फिल्म बिग्रिएकोमा सधैं चित्त दुख्छ । किनभने त्यस्तो क्यारेक्टर सितीमिती पाइँदैन । त्यस्तो फिल्म बन्दैनन् । फिल्म निर्देशक शिवम अधिकारीले अलिक गम्भीर रूपले बनाइदिनुभएको भए त्यो फिल्म एउटा 'कोशेढुंगा फिल्म' बन्थ्यो', सरोज गुनासिन्छन् ।

# 'के घर के डेरा २'मा केकी र उपासना

■ प्रभाव संवाददाता



**काठमाडौं –** दीपेन्द्र के. खनालको निर्देशनमा बन्न लागेको फिल्म 'के घर के डेरा: घर नम्बर २' मा अभिनेत्रीद्वय केकी अधिकारी र उपासना सिंह ठकुरीको इन्ट्री भएको छ ।

यस फिल्ममा यसअघि फिल्ममा खगेन्द्र लामिछाने, आर्यन सिग्देल र निश्चल बस्नेत मुख्य भूमिकामा अनुबन्धित भइसकेका छन् । फिल्ममा केकी र उपासना कसको अपोजिटमा हुनेछन भन्ने स्पष्ट भएको छैन ।

यही साउन २५ गतेदेखि छायांकन सुरु हुन लागेको फिल्म उपन्यासकार बुद्धिसागरले लेखिरहेका छन् । पहिलोपटक उनको लेखनमा फिल्म बन्न लागेको हो । फिल्ममा शरद श्रेष्ठ, किरण महर्जन र राजिव श्रेष्ठ निर्माता तथा युवराज कार्की कार्यकारी निर्मातामा छन् । फिल्मलाई सामाजिक कथावस्तुमा निर्माण गरिने जनाइएको छ । यो फिल्म २०७९ सालमा आएको 'के घर के डेरा'को सिक्वेल हो ।

# सिजनले पाँचौं संस्करणको अन्तर्राष्ट्रिय अवार्ड आयोजना गर्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** सिजन मिडियाले नेपालमा पाँचौं संस्करणको अन्तर्राष्ट्रिय अवार्ड कार्यक्रम आयोजना गर्ने भएको छ । बिहीबार सो संस्थाले अन्तर्राष्ट्रिय अवार्ड कार्यक्रम आयोजना गर्न लागिएको जानकारी दिएको हो ।

उक्त संस्थाले जारी गरेको सूचनामा भनिएको छ : ''सिजन मिडिया आफ्नो १६ औं स्थापना दिवस तथा संविधान दिवस २०८१ को विशेष अवसर पारेर असोज पहिलो साता काठमाडौंमा एसियाली देशका सफल व्यावसायिक व्यक्तित्वहरूलाई 'एसियन प्रोफेसनल अचिभमेन्ट अवार्ड २०२४' पाँचौं संस्करण विषयक




सम्मान तथा अवार्ड कार्यक्रम आयोजना गर्न लागिएको सगौरव घोषणा गर्दछौ ।'

सामाजिक, राजनीतिक, सांस्कृतिक ,शैक्षिक र व्यवसायिक क्षेत्रमा सफल तथा क्रियाशील व्यक्तित्वको कामको उपलब्धि र योगदानको उच्च मूल्याङ्कन गर्दै अझै हौसला प्रदान गर्ने उद्देश्य राखेर विशेष सम्मान तथा अवार्ड कार्यक्रम गर्न लागिएको समेत सिजन मिडियाले जनाएको छ ।

सिजन मिडियाका अध्यक्ष प्रदीपराज वन्तले सामाजिक राजनैतिक सांस्कृतिक र शैक्षिकलगायत विभिन्न क्षेत्रमा एक दशकभन्दा बढी लामो समय निरन्तर काम गरी सफलता आर्जन गरेका र हाल विभिन्न काममा क्रियाशील रहिरहेका राष्ट्रिय तथा अन्तर ाष्ट्रिय व्यक्तित्वलाई प्रोत्साहित गर्ने उद्देश्यले यो अवार्ड प्रदान गर्न लागिएको जानकारी दिए ।

'सबै व्यावसायिक क्षेत्रका सम्मानित व्यक्तित्वहरूलाई अझै हौसला जागृत गर्न अवार्ड कार्यक्रम गर्दैछौं । यसले अग्रज पुस्तालाई सम्मान र नयाँ पुस्तालाई प्रेरणा दिनेछ भन्ने विश्वास लिएका छौं,' उनले भने । साथै नेपाल तथा एसियन मुलुकका सफल व्यावसायिक व्यक्तित्वहरूले सिजन मिडियाको आधिकारिक वेबसाइटमा गएर फारम भर्न सकिने समेत सो संस्थाले जनाएको छ ।

## रंगशाला

# महिला भलिबल टिमलाई काठमाडौं महानगरले दियो जनही एक लाख




■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरले सेन्ट्रल एशियन भलिवल एशोसिएसन (काभा) महिला भलिवल नेसन्स लिगको उपविजेता नेपाली टोलीलाई सम्मान गरेको छ ।

बिहिबार काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) सहित महानगरका पदाधिकारीले भलिबल खेलाडीलाई जनही एक लाख नगदसहित सम्मान गरेको हो ।

विहिबार उपविजेता नेपाली टोलीका खेलाडी, प्रशिक्षक, टिम म्यानेजर र थेरापिष्टलाई प्रोत्साहन गर्न नगदसहितको सम्मान प्रदान गर्दै नगर प्रमुख बालेनले, खेल विकासका लागि खेलाडीको प्रयत्नलाई नतिजामा रूपान्तरण गर्न सरकारी संयन्त्रले काम गर्नुपर्ने खाँचो रहेको बताए । त्यस अवसरमा खेलाडीलाई जनही १ लाख रूपैयाँ, टिम म्यानेजर, मुख्य प्रशिक्षक, सहायक प्रशिक्षक र थेरापिष्टलाई जनही ५० हजार रूपैयाँ नगदसहित सम्मान पत्र प्रदान गरिएको थियो ।

सम्मान प्राप्त गर्ने खेलाडीहरूमा क्याप्टेन अरुणा शाहीसहित निरुता ठगुन्ना, शान्तिकला तामाङ, सरस्वती चौधरी, सुमित्रा रेग्मी, उषा भण्डारी, कविता भट्ट, कामना विष्ट, संगम महतो, साफिया पुन, आरती सुवेदी, पुनम चन्द, प्रगति नाथ र सलिना श्रेष्ठ रहेका छन् । त्यस्तै खेलको टिम म्यानेजर निलमसिंह बज्राचार्य, मुख्य प्रशिक्षक जगदिशप्रसाद भट्ट र सहायक प्रशिक्षक भरत यादव र थेरापिष्ट लोकेन्द्रबहादुर कुँवर रहेका छन् ।

खेलको प्राविधिक पक्षमा चर्चा गर्दै उपप्रमुख सुनिता डगोलले, उत्साह र जोश लिएर खेल मैदानमा जानु नै जित भएको उल्लेख गरेकी थिइन् । उनले भनिन्, 'पदक प्राप्त गर्नु प्राविधिक कुरा हो । खेलमा जित र हार हुन्छ नै । सबैभन्दा महत्वपूर्ण कुरा त खेलाडीको उर्जा हो । महिला भलिवल टोलीमा हामीले त्यो उर्जा पायौं ।'

सम्मानका क्रममा मुख्य प्रशिक्षक भट्टले, महानगरपालिकाको प्रोत्साहनले आगामी प्रतिस्पर्धामा दक्षिण एशियाली मुलुकहरूमा उत्कृष्ट नतिजा प्राप्त गर्ने हौसला मिलेको उल्लेख गरे । काठमाडौंको दशरथ रङ्गशालामा बुधबार भएको फाइनल खेलमा ३-२ सेटले भारत विजेता र नेपाल उपविजेता भएका हुन् । राउन्ड रोबिन लिगमा नेपालले भारतमाथि विजय गरेको थियो ।

**यू-१८ युथ लिग**

# मछिन्द्र र पुलिस बराबरीमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीमा जारी ललित स्मृति एन्फा यु-१८ युथ लिग फुटबल प्रतियोगिताअन्तर्गत आज भएको मछिन्द्र फुटबल क्लब र नेपाल पुलिस क्लबबीचको खेल बराबरीमा सकिएको छ ।

सातदोबाटोस्थित एन्फा मुख्यालय मैदान भएको खेलमा दुवै टोलीले ३-३ गोलको बराबरी खेल्दै एक-एक अङ्क बाडेका छन् । खेलसँगै आठ खेलमा १५ अङ्क जोडेको मछिन्द्र चौथो स्थानमा छ । त्यस्तै समान आठ खेल खेलेको पुलिस २० अङ्कका साथ अङ्क तालिकाको शीर्ष स्थानमा छ ।

खेलमा मछिन्द्रका लागि पदम तामाङ, प्रशान्त मेन्याङ्बो र रोनिक रानामगरले गोल गरे भने पुलिसका लागि विक्रम गौतम, कप्तान सुवास बम र सुजलमान घलेले समान एक/एक गोल गरे ।




खेलको ३०औँ मिनेटमा पदमको गोलमार्फत मछिन्द्रले अग्रता लिएको थियो । त्यसपछि खेलको ५४औं मिनेटमा प्रशान्तले टोलीको अग्रता दोब्बर बनाए । पुलिसका खेलाडी विक्रमले खेलको ७५औं मिनेटमा गोल गर्दा खेल २-१ को स्थितिमा रहेको थियो ।

त्यस्तै मछिन्द्रका रोनिकले खेलको ७७औं मिनेटमा गोल गर्दै खेललाई ३-१ ले अगाडि बढाए । अनिश थिङले खेलको ७९औं मिनेटमा दोहोरो पहेँलो कार्ड बेहोर्दै मैदान छाडेपछि मछिन्द्र १० खेलाडीमा सीमित बनेको थियो ।

खेलको निर्धारित समय सकिन पाँच मिनेट बाँकी छँदा पुलिसका सुवासले खेललाई ३-२ को स्थितिमा ल्याए । त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा सुजलमानले गोल गरेपछि खेल तीन/तीन गोलको बराबरीमा सकियो ।

# महिला भलिबल फ्रेन्चाइज लिग टोली सार्वजनिक

**काठमाडौं (प्रस)–** नेपालमा पहिलो पटक आयोजना हुन लागेको महिला भलिबल फ्रेन्चाइज लिग एभरेष्ट वुमन्स भलिबल लिग टोलीको नाम सार्वजनिक भएको छ ।

इन्फिनिटी ड्रिम्सद्वारा यहाँ आयोजित कार्यक्रममा प्रतियोगितामा विभिन्न छ फ्रेन्चाइज टोलीको सहभागिता हुने जानकारी दिइयो । जसमा काठमाडौं, ललितपुर, गण्डकी, चितवन, कर्णाली र मधेसबाट टिम राखिएको छ ।

इन्फिनिटी ड्रिम्सले महिला फ्रेन्चाइज लिगका लागि नेपाल भलिबल सङ्घसँग सात वर्षका लागि यसअघि नै सम्झौता गरिसकेको छ । लिग गरेवापत कम्पनीले भलिबल सङ्घलाई वार्षिक रु २५ लाख दिनेछ । उक्त प्रतियोगिताको मिति भने सार्वजनिक गरिएको छैन ।

आयोजक इन्फिनिटी ड्रिम्सका प्रबन्ध निर्देशक आमिर अख्तरले केही दिनमै मिति सार्वजनिक पनि गरिने जानकारी दिए । त्यस्तै फ्रेन्चाइज टोलीले केही दिनमै आ-आफ्नो टोलीको नाम सार्वजनिक गरिने बताइएको छ । कार्यक्रममा मधेसले भने आफ्नो टोलीको नाम मधेस युनाइटेड राखेको जानकारी दिइयो । प्रतियोगिताको लागि प्रत्येक टोलीमा १२ जना खेलाडी हुनेछन् । त्यसमा नौ जना नेपाली र तीन जना विदेशी खेलाडी रहने आयोजकले जनाएको छ ।

# ह्यारिसको निर्वाचन अभियानले ट्रम्पको 'भीड अभियान' लाई माथ गर्दै



**डेट्रोइट, संयुक्त राज्य अमेरिका–** रिपब्लिकन पार्टीका नेता डोनाल्ड ट्रम्पले निर्वाचनमा आफूप्रतिको अमेरिकी जनताको आकर्षण पुष्टि गर्ने गरेको एउटा प्रमुख आधारलाई चुनौती दिन अमेरिकी राष्ट्रपतिकी उम्मेदवार तथा उपराष्ट्रपति कमला ह्यारिस सफल भएकी छन् । फिलाडेल्फियामा आफ्ना उम्मेदवार ह्यारिसको कुरा सुन्न करिब १४ हजार मतदाता चुनावीसभामा सहभागी भएका थिए ।

बुधबार विस्कन्सिनको इउ क्लेयरमा भएको प्रदर्शनमा हजारौं समर्थकको सहभागितामा करिब एक किलोमिटरभन्दा बढी लामो भीड भेला गरी यस पहिले रिपब्लिकन पार्टीका नेता ट्रम्पले निर्वाचनमा आफूप्रतिको अमेरिकी जनताको आकर्षण पुष्टि गर्ने गरेको एउटा प्रमुख आधारलाई चुनौती दिएका हुन् । ट्रम्पको चुनावी अभियानका कार्यक्रमहरूमा यस्तो सहभागिता सामान्य मानिन्छ तर यी उत्तेजक र आक्रामक नाराबाजीसहितको जुलुस पूर्वराष्ट्रपति ट्रम्पका लागि नभई वर्तमान उपराष्ट्रपति ह्यारिसको अभियानको समर्थनमा निकालिएको थियो । ह्यारिस अमेरिकी राष्ट्रपतीय निर्वाचनमा डेमोक्रचाटिक पार्टीका तर्फबाट ट्रम्पको प्रतिद्वन्द्वी छिन् ।

कार निर्माण कम्पनी स्टेलान्टिसमा काम गर्ने ४६ वर्षीया किना जोनसनले बुधबार मिशिगनको डेट्रोइटस्थित एक एयरफिल्डमा एएफपीसँग भनिन्, 'सबै जना साँच्चिकै चुनावी प्रचारप्रसारका लागि भेला भएका हुन् ।' जोनसनले डेमोक्रचाटहरूको चुनावी र्‍यालीबारे भने, 'मलाई लाग्छ उनीहरू अझ धेरै सकारात्मक हुने छन् । अहिले एक महिलाका लागि यो राम्रो कुरा हो, यसले महिलाप्रतिको विश्वासका लागि इतिहास रचिरहेको छ ।'

मिनेसोटाका गभर्नर वाल्ज, मिशिगनमा समर्थकहरूको मानवसागर देखेर दंग देखिन्थे । अभियानका अधिकारीहरूले यसलाई १५ हजार सहभागी भएको जुलुस बताए भने वाल्जले यसलाई 'अभियानको सबैभन्दा ठूलो र्‍याली' भएको दाबी गरे । बाराक ओबामाको शासनकालमा डेमोक्रचाटिक पार्टीको राजनीतिक कार्यक्रममा भाग लिने थुप्रै अमेरिकीहरूको सहभागिता सामान्य हुन्थ्यो तर पछिका डेमोक्रचाटिक उम्मेदवारका लागि यो विरलैको घटना थियो । एक चमत्कारिक अश्वेत युवा उम्मेदवार ओबामाले राष्ट्रपति बन्नका लागि अवरोधहरू तोडेका थिए ।

ओबामा र ट्रम्पपछिका दर्जनौं वर्षहरूमा यो दुर्लभ भएको छ । संख्याको खेलको बारेमा तीव्ररूपमा सचेत र ठूलो भीडलाई व्यापक समर्थनसँग जोडिन्छ । राष्ट्रपति चुनाव हुनुभन्दा तीन महिना कम समय रहँदा ह्यारिस र वाल्जले डेमोक्रचाटिक पार्टीको आधारमार्फत उत्साहको झट्का पठाउँदा ट्रम्पको चुनावीसभामा हुने भीड र त्यसको समर्थकमा पर्ने लाभलाई ओझेलमा पारेको छ ।

यसले राष्ट्रपति जो बाइडेनले यो चुनावी चक्रमा कोरेको सानो चार्टमा शान्त भीडको तुलनामा उपस्थित संख्यालाई विशाल देखाइएको छ । बाइडेन र सन् २०१६ का उम्मेदवार हिलारी क्लिन्टन ट्रम्पको विशाल र उत्तेजक 'रोड शो'सँग कहिल्यै प्रतिस्पर्धा गर्न सकेका थिएनन् । ट्रम्पले यसअघि अत्यधिक भीड, अराजक शब्द र उत्तेजक समर्थकहरूलाई अग्रपंक्तिमा उभ्याएर धेरै स्थानमा विजय सुनिश्चित गर्न रातारात अभियान गरिरहेका थिए । तर बाइडेन यस वर्षको दौडबाट बाहिरिएपछि ट्रम्पकी नयाँ प्रतिद्वन्द्वीले प्रदर्शनको खेलमा रिपब्लिकन नेतालाई चुनौती दिन आफू सक्षम रहेको देखाएकी छन् ।

ह्यारिसले गत हप्ता जर्जियाको एटलान्टामा १० हजारको दर्शक क्षमताको रंगशालामा भरिभराउ दर्शकलाई सम्बोधन गरेकी थिइन् । उनले भीडलाई उत्तेजित गर्न दुई हिप-हप स्टारहरूको घोषणा गरेकी छन् । त्यसको चार दिनपछि पूर्वराष्ट्रपति ट्रम्पले सोही स्थानमा समान आकारको भीडसहित र्‍याली निकालेको र तुरुन्तै व्यंग्यात्मकरूपमा टिप्पणी गर्दै 'क्रेजी कमला' र उनको 'धेरै खाली सिट' बारे उल्लेख गरेका थिए ।

ट्रम्पले भीडलाई सम्बोधन गर्दै भने, 'मलाई मनोरञ्जनकर्ताको आवश्यकता छैन । म स्टेडियम भर्छु किनभने म अमेरिकालाई फेरि महान बनाउँदै छु । यो हाम्रो मनोरञ्जन हो ।' युनिभर्सिटी अफ विस्कन्सिन-म्याडिसनका राजनीतिका प्राध्यापक ब्यारी बर्डनले एएफपीसँग भने, 'ट्रम्पका समर्थकका लागि यो चिन्ताको विषय बनेको छ भने ह्यारिसका लागि गर्वको विषय । ह्यारिसका जुलुसहरूले सन् २०२० मा बाइडेन र सन् २०१६ मा क्लिन्टनको तुलनामा धेरै ठूलो भीडलाई आकर्षित गरेको छ ।' *रासस⁄एएफपी*

# नोबेल पुरस्कार विजेता युनुस स्वदेश फर्किए

## केही महिनाभित्रै निर्वाचन गराउने प्रतिबद्धता

**ढाका–** नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुस कार्यवाहक सरकारको नेतृत्व गर्न बिहीबार स्वदेश फर्किएका छन् । आरक्षण विरोधी आन्दोलनबाट सुरु भएको बंगलादेशको राजनीतिक असन्तुष्टिले प्रधानमन्त्री शेख हसिनालाई राजीनामा गरी देश छोड्न बाध्य बनाएपछि विद्यार्थी नेताहरूको प्रस्तावमा सरकारको नेतृत्व गर्ने सहमतिका साथ उनी स्वदेश फर्किएका हुन् ।

उनले बंगलादेशमा शेख हसिनाको सरकार अपदस्थ गर्ने क्रममा भएको लामो प्रदर्शनमा मारिएका व्यक्तिप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै उनीहरूको बलिदानले देशलाई 'दोस्रो स्वतन्त्रता' दिलाएको बताएका छन्। कामचलाउ सरकारको नेतृत्व गर्न स्वदेश फर्केलगत्तै ढाकास्थित विमानस्थलमा पत्रकारसँग कुरा गर्दै उनले भने, 'आजको दिन हाम्रा लागि गौरवपूर्ण दिन हो ।' उनले अगाडि भने, 'बंगलादेशले नयाँ विजय दिवस सिर्जना गरेको छ । देशले दोस्रोपटक स्वतन्त्रता पाएको छ ।'

कम्तीमा ४५५ जनाको ज्यान जानेगरी हप्तौंदेखि चलेको हिंसापछि सुव्यवस्था बहालीका लागि आह्वान गर्दै उनले आक्रमणमा परेका अल्पसंख्यकसहित एक अर्काको रक्षा गर्न नागरिकहरूलाई आह्वान गरेका छन् । 'कानुन र व्यवस्था हाम्रो पहिलो काम हो । जबसम्म हामी कानुन र व्यवस्थाको स्थिति ठीक गर्दैनौं, तबसम्म एक कदम पनि अगाडि बढ्न सक्दैनौं,' उनले भने, 'मेरो सबैजनासँग आह्वान छ; यदि तपाईंहरूलाई ममाथि भरोसा छ भने यो सुनिश्चित गर्नुस् कि देशको कुनै पनि कुनामा कसैमाथि आक्रमण नहोस् ।'

सरकारको गैरजिम्मेवारीपनको बीचमा उर्लेको विद्यार्थी आन्दोलन र विद्यार्थीहरूको मागमा सेनाले सहमति जनाएसँगै हसिनाले पदबाट राजीनामा दिन बाध्य हुनुपरेको थियो । यसअघि, युनुसले ढाकाका लागि प्रस्थान गर्दा पेरिसमा पत्रकारसमक्ष आफू घर फर्कन पर्खिरहेको र त्यहाँ के भइरहेको छ, कसरी समस्याबाट बाहिर निस्कन सक्छौं भनेर सोच्न समर्थक सबैलाई आह्वान गरेका थिए ।

युनुसलाई यस पहिलेको सरकारले १०० भन्दा बढी आपराधिक मुद्दाहरूको आरोप लगाएपछि उनी निर्वासनमा बस्दै आएका थिए । सेना प्रमुख जनरल वाकर-उज-जमानले युनुसको समर्थनमा रहेको जनाए । यसरी आगामी दिनमा लोकतान्त्रिक प्रक्रियाको माध्यमबाट मुलुकलाई अगाडि बढाउन सक्षम हुने विश्वास जमानले व्यक्त गरे । ढाका विमानस्थलमा पत्रकारहरूसँग युनुसले 'केही महिनाभित्र' चुनाव गराउन चाहेको बताउँदै मुलुकले दोस्रोपटक स्वतन्त्रता प्राप्त गरेको उल्लेख गरेका छन् । उनले छिट्टै आफ्नो संलग्नतामा विजय उत्सव मनाउने बताएका छन् । *रासस⁄एएफपी*

# बंगलादेशमा भएको डुंगा दुर्घटनामा ३४ जनाको मृत्यु

**कक्स बजार, बंगलादेश–** युद्धग्रस्त म्यान्माबाट भागेर बंगलादेश जाने क्रममा भएको डुंगा दुर्घटनामा परी मृत्यु भएका ३४ जना रोहिंग्या शरणार्थीको शव निकालिएको स्थानीय सरकारका एक शीर्ष अधिकारीले बिहीबार बताएका छन्। बंगलादेशको नदीमा मंगलबार भएको उक्त दुर्घटनामा साना बच्चाहरूसहित १० जनाको शव तत्काल निकालिएको थियो। हालसम्म कूल मृतकको संख्या ३४ पुगेको छ । उनीहरू म्यान्माको रखाइन राज्यस्थित आफ्नो गाउँबाट भागेका र उनीहरूको सानो जहाज बंगलादेशको शाहपरी टापु नजिकै नाफ नदीमा डुबेको प्रहरीले जनाएको छ ।

बंगलादेशको टेकनाफ सीमाक्षेत्रका सरकारी प्रशासक अदनान चौधरीले उक्त डुंगामा म्यानमाबाट आएका मुस्लिम रोहिंग्याहरू रहेको बताएका छन् । 'रोहिंग्याहरू म्यान्माबाट आफ्नो ज्यान जोगाउन भागिरहेका छन्,' उनले भने, 'विगत केही हप्तामा म्यान्माको रखाइन राज्यमा भएको युद्धबाट कम्तीमा एक हजार रोहिंग्याहरू बंगलादेशतर्फ भागेका छन् ।'

अराकान आर्मी (एए) ले नोभेम्बरमा सत्तारुढ जुन्टाको सेनामाथि आक्रमण गरेपछि रखाइन राज्यमा द्वन्द्व बदलिएको हो । बंगलादेशमा करिब १० लाख रोहिंग्याले शरण लिएका छन् जसमध्ये अधिकांश सन् २०१७ मा सैन्य दमनपछि रखाइनबाट भागेका थिए । रखाइनको सहर माउंगदाबाट भागेर बुधबार फरक डुंगाबाट बंगलादेश आइपुगेका ३५ वर्षीय रोहिंग्या शरणार्थी अब्दुल कलामले हजारौं रोहिंग्या म्यानमा जारी नरसंहारबाट भाग्न खोजेको बताए । 'अराकान सेनाले हामीमाथि आत्मघाती हमला गर्दै छन् ।' *रासस⁄एएफपी*


## साउदीमा रोजगार

कम्पनी : ELAF SAUDI COMPANY LIMITED
शहर : Riyadh

पूर्व स्वीकृति मिति २०८१/०४/२३ | LT. No. 308506 | चलानी नं. ६०२२३२६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३२ गते (16th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75
**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CITY GROUP GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०१/३० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/२४ | LT. No. 304601 | चलानी नं.६०२१९३६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER/HELPER/WORKER | 20 | 20 | 110 | ४७८५८ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | OFFICE ADMIN ASSISTANT/TEAM LEADER | 5 | 5 | 250 | १०८७७० | | | | | | | |
| 3 | SECURITY GUARD/SECURITY OFFICER/ GUARD/WATCHMAN/WAT | 30 | 0 | 130 | ५६५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३२ गते (16th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075
**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## UAE मा रोजगार — PLUS SEVEN CONTRACTING LLC, UAE

पुन: विज्ञापन

पूर्व स्विकृति मिति: 2080.8.05 | चलानी नं. ६०२१०२९७ | LT No. 295299

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber Assistant | 6 | काममा दक्ष | 1000 | 36570 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Brick Mason | 6 | | 1000 | 36570 | | | | | | | |
| 3 | Tile Layer | 0 | | 1000 | 36570 | | | | | | | |
| 4 | Electrician Assistant | 6 | | 1000 | 36570 | | | | | | | |
| 5 | Brick Layer Assistant | 7 | | 1000 | 36570 | | | | | | | |
| 6 | Cement Mixer | 6 | | 1000 | 36570 | | | | | | | |
| 7 | Steel Fixer | 0 | | 1000 | 36570 | | | | | | | |
| 8 | Painter | 5 | | 1000 | 36570 | | | | | | | |
| 9 | Cane Furniture Maker | 1 | | 1000 | 36570 | | | | | | | |
| 10 | Plumber | 5 | | 1000 | 36570 | | | | | | | |
| 11 | Eletrician | 6 | | 1000 | 36570 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०८१ साउन ३२ गते (16 August 2024) हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोजको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

लागत खर्च: नि:शुल्क

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744



## कतारमा रोजगार

कम्पनी : Trinetra Trading Contracting and Cleaning
शहर : Doha

पूर्व स्वीकृति मिति २०८१/०२/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/२४ | LT. No. 305726 | चलानी नं. ६०२२०४८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 2 | 0 | 1200 | ४३,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 3 | 0 | 2500 | ९०,६९५ | | | | | | | |
| 3 | General Clean Worker | 5 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 4 | Helper | 1 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 5 | Representative | 2 | 0 | 2500 | ९०,६९५ | | | | | | | |
| 6 | Supervisior | 2 | 0 | 2500 | ९०,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३२ गते (16th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११७७/०७३/०७४
**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHAJARAT ALDOR TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०४/२३ | LT. No. 308565 | चलानी नं. ६०२२३२३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 03 | 0 | 800 | २९,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३२ गते (16th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1631/080/081
**PREMIUM HUMAN RESOURCE**
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HATEM JARALLAH HUSSAIN AL MALKI CAR MAINTENANCE WORKSHOP

पूर्व स्वीकृति मिति: २०८१/०४/२१ | LT. No. 308436 | चलानी नं. ६०२२३२३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 4 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOHAMMED HASSAN AL-AJMI COMPANY

पूर्व स्वीकृति मिति: २०८१/०४/२३ | LT. No. 308598 | चलानी नं. ६०२२३२३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Labour | 5 | 0 | 1000 | ३५,५३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Workshop Labor | 5 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३२ गते (16th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४३५/०६०/०६१
**Prince International Employment Service Pvt. Ltd.**
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com



## युएईमा रोजगार

कम्पनी : VELLALUR CARPENTRY & FLOORING CONTRACTING CO. LLC
शहर : Riyadh

पूर्व स्वीकृति मिति २०८१/०१/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/२४ | LT. No. 304532 | चलानी नं. ६०२१९२५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Exterior Cleaner | 2 | 0 | 1000 | ३६,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labourer | 2 | 0 | 1000 | ३६,५४० | | | | | | | |
| 3 | Carpenter | 5 | 0 | 1200 | ४३,८५० | | | | | | | |
| 4 | Construction Carpenter | 3 | 0 | 1200 | ४३,८५० | | | | | | | |
| 5 | Reinforcing Fitter Assistant | 1 | 0 | 1200 | ४३,८५० | | | | | | | |
| 6 | Steel Fixer | 7 | 0 | 1200 | ४३,८५० | | | | | | | |
| 7 | Tile Layer | 5 | 0 | 1200 | ४३,८५० | | | | | | | |
| 8 | Tile Layer Assistant | 5 | 0 | 1200 | ४३,८५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३२ गते (16th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६८४/०८०/८१
**PARADISE HUMAN RESORCE PVT. LTD**
KMC-9, Jamuna Galli, Kathmandu, Tel: 01-5921521, 5921522, Email: paradisehuman123@gmail.com, info@paradisehumanresource.com.np, Web: www.paradisehumanresource.com.np



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति २०८१/०४/२५

यस कम्पनीको मिति २०८१/०३/१४ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (रिभाईटलाईजड के. एस. बि. सप्लायर्स प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम **(रिभाईटलाईजड मेडिसिन एण्ड सर्जिकल सप्लायर्स प्रा.लि.)** को कम्पनीले सकार्ने व्यहोर्ने र नामका सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गरी मिति २०६१/०३/२८ को **रिभाईटलाईजड मेडिसिन एण्ड सर्जिकल सप्लायर्स प्रा. लि.** कायम गरिएको छ ।



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४६६०० | प्रति तोला - - | प्रति तोला - १६९० |

पर्यटन संवाद कार्यक्रम

## पर्यटन क्षेत्रको समस्या हल गर्न माग




■ प्रभाव संवाददाता

**काठमाडौं–** होटल संघ नेपाल (हान)ले आयोजना गरेको पर्यटन संवाद सम्पन्न भएको छ । आज (बिहीबार) काठमाडौंस्थित शंकर होटलमा आयोजित कार्यक्रममा हानका अध्यक्ष बिनायक शाहले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डा. गणेश प्रसाद पाण्डेयलाई पर्यटन संवादबाट उठेका समस्या र सुझावहरु बुझाएका हुन् ।

हानले नेपालको समग्र पर्यटन तथा आतिथ्यता क्षेत्रका बस्तुस्थिति एवम् नीति नियम उजागर गर्ने उद्देश्यले होटल संघ नेपालले पर्यटन संवाद आयोजना गरेको छ ।

मन्त्रालयका सचिव पाण्डेयले भने,'हामीले सबैले मिलेर पर्यटनको विकासमा समन्वय गर्नुपर्छ । पर्यटन एक रचनारत्मक क्षेत्र हो ।नकारात्मक विषयवस्तुलाई चिन्दै सकारात्मकतर्फ केन्द्रित हुनुपर्छ । सबैसँग सहकार्य गरेर जानुपर्छ । ' उनले भने हान पनि पर्यटन मन्त्रालयको एक सम्पत्ति हो ।

वशेष गरेर हानले पाँच सत्रमा पाँच विषयमा छलफल गरेको छ । वृहत पर्यटन सरोकार र प्राथमिकता, नशक्ति विकास र रोजगार प्रवर्द्धन ,पर्यटन पूर्वधार र पहुँच, पर्यटन प्रवर्द्धन र बजारीकरण र गन्तव्य विकास,

पर्यटन समृद्धिका लागि नीतिगत सुधार जस्ता विषयमा पर्यटन संवाद गरेको हो ।

छलफलमा स्थापनाकालदेखि नै आवद्ध भएका हानका आधिकारीक अधिवक्ता प्रा.डा गान्दी पण्डीतले भने पर्यटनमा क्षेत्रीय र राष्ट्रिय समस्याहरु भएको बताए । नेपालमा पर्यटन नीति नहुँदा यी समस्याहरु छ निम्तिएको उनले बताए । हानले पर्यटन नीति ल्याउनु पर्ने उनले सुझाव दिए । हान लगायत विभिन्न पर्यटन संघ सस्थाहरुले सरकारसँग हवाई यातायातसम्बन्धी सहकार्य गरी काम गर्नुपर्ने बताए । हजारौं संख्यामा उद्योग सिर्जना गर्ने र सहयोग दिने पर्यटन क्षेत्रलाई उद्योगको मान्यता नदिएको उनले भने । सानो तथा ठूलो होटलहरुमा भएका सम्याहरुलाई सरकारको ध्यान नगएको पनि उनले टिप्पणी गरे ।

कोशी प्रदेशबाट हानका अध्यक्ष गरेका राजन श्रेष्ठले भने,'नेपाल पर्यटकले ठूलो सम्भावना भएको देश हो । कोशी प्रदेश धेरै पर्यटन सम्भावना भएको देश हो । सगरमाथामा,पदयात्रा, हिलस्टेशन लागि सम्भावना बाकेको देश हो । थुप्रै भारतीय पर्यटकहरु धार्मिक एवम् सहासिक मज्जा लिन आउँछन् । तर भारतीय पर्यटकहरु नेपाल आउँदा उनीहरुलाई एक सयभन्दा माथिको पैसा साटने सुविधा छैन । साथमा २५ हजार पनि ल्याउन प्रावधान छैन । गाडीबाट आउने पर्यटकहरुलाई रोकेर सास्ती दिइन्छ र यसका लागि अस्थाइ अनुमति गाडी नम्बर दिने व्यवस्था गरिनुपर्नेमा उनले जोड दिए ।

मधेस प्रदेशबाट हानका अध्यक्ष विजय जुंनझुनवालाले भने,' पर्यटकहरुलाई सहज हुनका लागि जनकपुर निजगढको बाटो , जनकपुरको रेलवेको छिटो बनाउनुपर्छ ।' बागमती प्रदेशका हानका अध्यक्ष राम कुमार पुरीले भने,' हामी नेपालमा होटल दर्ता गर्न ११, १२ वटा ठाउँ जानुपर्ने झन्झट छ ,छिटै यसको एकद्वार प्रणानी बनाउन पर्यो ।'

हानका महासचिव साजन शाक्यले भने,' नेपालमा पर्यटन २०१९ मा अहिले करिब १२ लाख पर्यटक नेपालमा भित्रिएको देखिएको छ । नेपालमा पर्यटक भित्र्याउन नसक्नेको मुख्य कारण भनेको हवाइ कारण हो । भारतबाट नेपालमा पर्यटकहरु भित्रियाउन सके नेपालको पर्यटनमा ठलो सहयोग मिल्ने छ । हाल ठमेल पनि २४ औं घण्टा खल्ला गरिएको छ ।

लुम्बिनी प्रदेशका हानका अध्यक्ष चन्द्र प्रसाद (सीपी)श्रेष्ठले भने आर्थिक विकास गर्ने, रोजगार विकास गर्ने भनेको पनि पर्यटन नै हो । हाम्रो देशको स्थिती हेर्दा एकदम दयनीय अवस्था छ । भैरहवा विमानस्थलबाट जजीरा एयरलायन्सले विभिन्न छुट माग्दा वास्ता नगरेको उनले बताए । '

कर्णाली प्रदेशका अध्यक्ष दुर्गाबहादुर बस्नेतले भने,' यहाँका सडक र हवाइ यात्रा कन्नेक्टीभिटीको कारण पिछिडिएको छ । कर्णाली विकट होइन विराट बनाउनु पर्छ ।' समग्र कर्णालीको भावी योजना र पर्यटकको सम्भावनाको बारेमा रुचि देखाउनु जरुरी रहेको उनले बताए ।

रूपेश श्रेष्ठको मध्यस्तकर्तामा जनशक्ति विकास र रोजगार प्रवर्द्धन सम्बन्धी पर्यटन संवाद भएको थियो । प्यानलमा ,सिटीभिटीका निर्देशक टेक बहादुर मल्ल, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सह-सचिव गोविन्द रिजाल ,नाथमका सह-सचिव संगिता ओझा, इनस्योर(झ्लक्ककच्झ)का टीम लीडर रवीन्द्र बी सिंह, पूर्व एनटीबी बोर्ड सदस्य र पर्यटन उद्यमी पम्फा धमला, र हानका कोषाध्यक्ष युवराज श्रेष्ठ रहेका थिए ।

## प्राथमिकताका आधारमा बजेट कार्यान्वयन गर्न निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आयोजनाको प्राथमिकता निर्धारण गरेर बजेट कार्यान्वयन गर्न निर्देशन दिएका छन् ।

मन्त्रालयका सचिव, योजना र बजेट महाशाखाका प्रमुखसँग बिहीबार अर्थ मन्त्रालयमा भएको छुट्टा-छुट्टै छलफलमा अर्थमन्त्री पौडेलले सम्बन्धित राष्ट्रिय गौरवका आयोजना र अध्ययन सम्पन्न भएका, प्राथमिकता प्राप्त आयोजनालाई उच्च प्राथमिकता दिएर बजेट कार्यान्वयन गर्न निर्देशन दिए ।

यसैगरी राम्रो प्रतिफल दिने, संघीय सरकारको



कार्यक्षेत्र अन्तर्गतका र निर्माणाधीन आयोजनालाई अघि बढाउनुपर्नेमा जोड दिँदै उनले अध्ययन गरेर प्राथमिकीकरण गरी बजेट कार्यान्वयन गर्दा स्रोत साधनको सही सदुपयोग हुने बताए ।

अर्थमन्त्री पौडेलले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सहरी विकास मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव, योजना र बजेट महाशाखाका प्रमुखसँग छलफल गरेका थिए ।

खानेपानी मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, युवा तथा खेलकूद मन्त्रालयका सचिव, योजना र बजेट महाशाखाका प्रमुखसँग छलफल गरेका थिए ।

## १३ अर्ब अनुदान सहायता स्वीकृत

**काठमाडौं (प्रस)–** सरकारले बेलायत सरकारबाट नेपाललाई प्राप्त हुने लैंगिक तथा मानव विकास उपलब्धि र वातावरण अनुकूलन तथा समावेशीसम्बन्धी कार्यक्रमअन्तर्गत रु १३ अर्ब आठ करोड अनुदान स्वीकार्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्ले बेलायतबाट प्राप्त हुने लैङ्गिक तथा मानव विकास उपलब्धिलाई बढावा दिनेसम्बन्धी कार्यक्रमका लागि ३८ दशमलव पाँच मिलियन पाउन्ड (करिब छ अर्ब ५८ करोड) र वातावरण अनुकूलन तथा समावेशीसम्बन्धी कार्यक्रमका लागि ३८ दशमलव पाँच मिलियन पाउन्ड (करिब छ अर्ब ५० करोड) अनुदान सहायता स्वीकार्ने निर्णय गरेको हो ।

गत मंगलबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णय यहाँ सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले एसियाली विकास बैङ्कबाट जीवमैत्री वातावरणसम्बन्धी परियोजनाका लागि प्रस्ताव गरिएको अनुदान तथा १० मिलियन अमेरिकी डलर ऋण सहायता स्वीकार गर्ने सम्बन्धमा वार्ता टोली गठन गर्ने निर्णय भएको जानकारी दिए ।

## 'शेयर बजारको नियामक निकायको क्षमता सुधार्न जरुरी'

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारलाई थप व्यवस्थित र मर्यादित बनाउन कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन र नियामकीय क्षमताको सुधारमा जोड दिइएको छ । अर्थ समितिको बैठकमा सांसदहरूले बजारको स्थायित्वका लागि विद्यमान नीति तथा नियमको कार्यान्वयन, समसामयिक सुधार तथा नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेञ्जको क्षमता विस्तार गर्नुपर्नेमा जोड दिएका हुन् ।

समितिको बैठकमा पूर्वअर्थमन्त्रीसमेत रहेका सांसद बर्षमान पुनले शेयर बजार उकालो लागेपनि नियामक निकायको भूमिकामाथि आम मानिसको प्रश्न रहेको बताए । उनले पूँजी बजारमा स्वच्छ कारोबार र आवश्यक व्यवस्थापनका लागि नेपाल धितोपत्र बोर्डको अध्यक्ष नियुक्त गर्नुपर्नेमा जोड दिए ।

समितिका सदस्य एवम् पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले शेयर बजार मर्यादित र व्यवस्थित हुनुपर्छ भन्ने आफ्नो धारणा रहेको भएपनि त्यसलाई लिएर गलत प्रचार गरिएको गुनासो गरे ।

धितोपत्र बजारको सुधार, व्यवस्थापन र सन्तुलनका लागि धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज (नेप्से)ले सुक्ष्म निगरानी गर्नुपर्ने डा.महतको भनाइ छ । सांसद मेटमणि चौधरीले धेरैको लगानी रहेको धितोपत्र बजारमा कमजोर कम्पनीको शेयर मूल्यमा देखिएको अस्वाभाविक वृद्धिको खोजी गर्नुपर्ने बताए ।

बैठकमा सांसदहरू सूर्य थापा, जुलीकुमारी महतो, नारायणी शर्मा, छिरिङ लामालगायतले बजारको स्थायित्वका सन्दर्भमा नियामक निकायले विशेष ध्यान दिनुपर्ने बताए । बजारको क्षमता विस्तारका लागि बोर्डको भूमिका थप प्रभावकारी बनाउनुपर्ने उनीको भनाइ थियो ।

बैठकमा बोर्डको अध्यक्षको भूमिकासमेतमा रहेका अर्थ मन्त्रालयका सहसचिव महेश बरालले बोर्डको क्षमता वृद्धिका लागि नेपाल राष्ट्र बैंकलाई आग्रह गरे ।

## पशिमनाजन्य कच्चापदार्थको अनधिकृत चोरी निकासी नियन्त्रणको माग

**म्याग्दी –** नेपाल पशिमना उद्योग सङ्घले ऊनी तथा पशिमनाजन्य कच्चापदार्थको चोरी निकासी नियन्त्रण गर्न माग गरेको छ । मुस्ताङ, डोल्पा, दार्चुला, मुगु, हुम्लालगायत जिल्लामा उत्पादित कच्चापदार्थको अनधिकृत निकासी हुँदा नेपालका पशिमना उद्योग समस्यामा परेका सङ्घले जनाएको छ । सङ्घका अध्यक्ष धनप्रसाद लामिछानेले पशिमनाको कच्चापदार्थ भुवाको चोरी निकासीका कारण राज्य र उद्योगी दुवैलाई नोक्सानी भएको बताए ।

'ऊनी तथा पशिमनाजन्य सामान नेपालबाट विदेश पठाउन नपाइने नियम उल्लङ्घन गरेर चिनियाँ व्यापारीले अवैध रूपमा भुवा लगेर पछि नेपाली उद्योगीलाई नै बेच्ने गरेका छन्,' उनले भने, 'नेपालका उद्योगीहरूले कृषकबाटै कच्चापदार्थ खरिद गर्ने वातावरण बनाउन सरकारसँग माग गरेका हौँ ।' सङ्घको मागपछि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय र भन्सार विभागले हालै जिल्ला प्रशासन र भन्सार कार्यालयलाई पशिमनाजन्य कच्चापदार्थको अनधिकृत चोरी निकासी नियन्त्रणका लागि परिपत्र गरेका छन् । मुस्ताङका प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले गृह मन्त्रालयको परिपत्रअनुसार कोरला नाकाबाट भुवाको अनधिकृत चोरी निकासी नियन्त्रणका लागि निगरानी बढाइएको बताए ।

'पशिमना उद्योगीको गुनासो र मन्त्रालयको परिपत्रअनुसार कोरला नाकामा निगरानी बढाएका छौँ', उनले भने, 'कोरोना महामारीअघि चीनतर्फ पशिमना लैजाने गरे पनि पछिल्लो समय त्यस्तो नभएको हामीले अध्ययनका क्रममा पाएका छौँ ।'

च्याङग्राको भूवा पस्मिनाका लागि (क) श्रेणीको कच्चापदार्थ मानिन्छ । भेडा र चौरीको तुलनामा च्याङ्ग्राको भुवालाई गुणस्तरीय मानिएको छ । प्राकृतिक रूपमा विरलै उत्पादन हुने च्याङ्ग्राको भुवाबाट मात्रै प्रत्येक वर्ष सानो परिमाणमा उत्पादन गरिने पशिमनाको व्यावसायिक माग बढ्दो छ ।

नेपालबाट निर्यात हुने प्रमुख वस्तु पस्मिना बनाउन च्याङ्ग्राको भुवा प्रशोधन गराएर बनाएको धागो कच्चापदार्थको रूपमा प्रयोग हुन्छ । नेपाल पशिमना उद्योग सङ्घका अनुसार नेपालबाट वार्षिक रु तीन अर्बको पस्मिना निर्यात हुन्छ भने वार्षिक एक सय ९५ टन पस्मिना बनाउन आवश्यक भुवाको धागो आयात हुन्छ । विदेशबाट कच्चापदार्थ आयात घटाउन मुस्ताङ, मनाङ, डोल्पा, मुगु, हुम्लालगायत जिल्लाका कृषकबाट पछिल्लो दुई वर्षयता च्याङ्ग्राको भुवा खरिद गर्न थालिएको पशिमना उद्योगी भीम शेरचनले बताए । सङ्घले मुस्ताङबाट वार्षिक दुई मेट्रिकटन भुवा सङ्कलन गरेर लैजाने गरेको छ ।

नेपाल फाइवर प्रोसेसिङ उद्योगले लोमान्थाङमा भूवा सङ्कलन र काठमाडौंमा प्रशोधन केन्द्र स्थापना गरेको छ । मुस्ताङको मुक्तिनाथ, कागबेनी, छुसाङ, जोमसोम, चैले, घमी, चराङ, लोमान्थाङलगायत ठाउँका कृषकले व्यावसायिक च्याङ्ग्रा पालन गरेका छन् । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मुस्ताङका अनुसार ५२ हजार च्याङ्ग्रा पालिएको छ । रासस

## नेप्सेमा सामान्य अंकले वृद्धि

■ प्रभाव संवाददाता




**काठमाडौं–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सामान्य अङ्कले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक छ दशमलव ७० अङ्कले उकालो लागेर दुई हजार सात सय ६६ दशमलव ३८ मा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव २१ अङ्कले उकालो लागेर चार सय ८३ दशमलव ६८ मा पुगेको छ । कारोबार भएका कूल १३ उपसमूह मध्ये छ उपसमूहको शेयर मूल्य उकालो लाग्दा सात उपसमूहको शेयर मूल्यमा भने गिरावट भएको छ ।

नेप्सेका अनुसार, पाँच करोड नौ लाख ४६ हजार आठ सय ३२ कित्ता शेयर रु २० अर्ब सात करोड चार लाख ३४ हजार एक सय तीन मूल्यमा खरिद बिक्री भएका छन् । नेप्सका अनुसार विभिन्न छ कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले बृद्धि भई सकारात्मक सर्किट लागेको छ । त्यसमा कर्णाली डेभलपमेन्ट बैंक, शिवम् सिमेन्ट, घोराही सिमेन्ट, मिड सोलु हाइड्रोपावर, सोनापुर मिनरल्स र सर्वोत्तम सिमेन्ट छन् ।

यस्तै, एनआरएन इन्फास्ट्रक्चर आठ दशमलव शुन्य चार,सानिमा बैंकको ऋणपत्र सात दशमलव ६९, आरम्भ चौतारी लघुवित्त चार दशमलव ९३, रुरु जलविद्युत् परियोजना चार दशमलव ८४ र हाथवे इन्भेस्टमेन्टका लगानीकर्ताले चार दशमलव ५६ प्रतिशतले गुमाएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन पा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः:arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ